# आर्थिक वर्ष २०८२/८३ को
# बजेट वक्तव्य


कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८२

www.moeap.karnali.gov.np

# कर्णाली प्रदेशसभामा आर्थिक मामिला तथा योजना मन्त्री राजीब विक्रम शाहले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य

कर्णाली प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
२०८२

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु।

२. लोकतन्त्र, सङ्घीय गणतन्त्र एवम् कर्णाली प्रदेश स्थापनार्थ भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने अमर सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकप्रति उच्च सम्मान र विशेष स्मरण गर्न चाहन्छु।

३. नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, प्रदेशका साझा र एकल अधिकारका विषय, **समृद्ध कर्णालीः सुखारी कर्णालीवासी**को दूरदृष्टि, दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको **सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली**को सोच र कर्णाली विकास मोडेललाई बजेट निर्माणको मार्गदर्शन सिद्धान्तका रुपमा लिएको छु।

४. प्रदेश सरकारले यस सम्मानित सभामा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रमको जगमा उभिएर बजेट तर्जुमा गरिएको छ। यी दुई दस्तावेज माथि यस सभाका माननीय सदस्यज्यूहरूबाट प्राप्त राय, सुझाव तथा अभिमतलाई आत्मसात् गरेको छु।

५. बजेट निर्माण प्रक्रियामा राजनीतिज्ञ, अर्थविद, विद्वत् वर्ग, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत तथा नागरिक तहबाट प्राप्त सल्लाह सुझाव समेतलाई समावेश गरेको छु।

**माननीय सभामुख महोदय,**

प्रादेशिक अर्थतन्त्रको महत्वपूर्ण परिसूचक र तथ्याङ्कको विवरण समावेश भएको आर्थिक सर्वेक्षण २०८१/८२ र प्रदेशको मन्त्रालयगत प्रगति विवरण यस सम्मानित सभामा पेश गरेको छु। अब म प्रदेशको विद्यमान अवस्थाको सङ्क्षिप्त जानकारी प्रस्तुत गर्दछु।

६. कर्णाली प्रदेश सरकारको निरन्तर प्रयासबाट प्रदेशको अर्थ व्यवस्था सकारात्मक लयतर्फ उन्मुख भएको छ। गत वर्ष कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ३.२६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ४.७४ प्रतिशत हुने प्रक्षेपण छ।

७. आर्थिक वर्ष २०७५/७६ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. १ खर्ब ५१ अर्ब ८९ करोड रहेकोमा सोको तुलनामा चालु आर्थिक वर्षमा १.६८ गुणाले वृद्धि भइ रू. २ खर्ब ५५ अर्ब ५९ करोड पुगेको छ।

८. कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढ्दै गएको छ। गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ७६ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १ हजार ८९ अमेरिकी डलर पुग्ने अनुमान छ।

९. आर्थिक वर्ष २०८१/८२ को पहिलो दश महिनामा नेपालको औसत उपभोक्ता मुद्रास्फीति ४.३९ प्रतिशत रहेको छ भने सोही अवधिमा कर्णाली प्रदेशको औसत उपभोक्ता मुद्रास्फीति ३.५४ प्रतिशत रहेको छ।

**माननीय सभामुख महोदय,**

अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु।

१०. कर्णाली प्रदेश सरकारको विगत ७ वर्षको कुल बजेट रू. १ खर्ब ९९ अर्ब ९४ करोड प्रस्तुत भएको थियो। बजेट विनियोजनको तुलनामा चालुतर्फ ६३.३९ प्रतिशत र पुँजीगततर्फ ५४.९५ प्रतिशत खर्च भइ समग्रमा ५८.१७ प्रतिशत खर्च भएको छ।

११. आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्तसम्मको खर्च चालुतर्फ ५४.३६ प्रतिशत र पुँजीगततर्फ ३१.९१ प्रतिशत खर्च भइ समग्रमा ४०.५० प्रतिशत खर्च भएको छ।

१२. प्रदेश स्थापना भएदेखि आर्थिक वर्ष २०८०/८१ सम्म आन्तरिक आय सङ्कलन रू. २ अर्ब ९२ करोड ३४ लाख भएको छ जुन कुल लक्ष्यको ९१.३२ प्रतिशत

हुन आउँछ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको आन्तरिक आय सङ्कलन जेठमसान्तसम्म रू. ५२ करोड १५ लाख अर्थात् लक्ष्यको तुलनामा ६२.५ प्रतिशत रहेको छ।

१३. चालु आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजनको तुलनामा ७५ प्रतिशत अर्थात् रू. २३ अर्ब २५ करोड ६५ लाख खर्च हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको अर्थतन्त्रमा विद्यमान प्रमुख चुनौतीहरूका सम्बन्धमा चर्चा गर्ने अनुमति चाहन्छु।

१४. गरिबी, बेरोजगारी, असमानता, परनिर्भरता र पछौटेपन जस्ता आर्थिक सामाजिक दुष्चक्रलाई दिगो रुपमा तोड्ने गरी कृषि, उद्योग तथा सेवा क्षेत्रको विकास गर्न सकिएको छैन।

१५. कठिन भू-बनोट, मौसमी प्रतिकुलता, जलवायु सङ्कट, दक्ष जनशक्तिको अभाव, निर्माण सामग्रीको कमी र महङ्गो विकास लागत लगायतका कारणले विकासको गतिलाई तीव्रता दिन सकिएको छैन।

१६. प्रदेश सरकारको आयोजना छनोट, बजेट र वित्तीय अनुशासनलाई सुदृढ गर्दै सरकारी संरचनाको संस्थागत सुशासन मजबुत बनाउने प्रयासप्रति सरोकारवाला पक्षको निरन्तरको सहयोग र प्रतिबद्धता कायम गर्नु पर्नेछ।

१७. कमजोर मानव पुँजी, न्यून भौतिक पूर्वाधार र युवा तथा बौद्धिक पलायन रोक्न, आत्मनिर्भर तथा सुदृढ अर्थतन्त्र निर्माण जस्ता चुनौतीको सामना गर्नु परेको छ।

१८. न्यून राजस्व अधिकार र साँघुरो कराधारले आन्तरिक आय बढाउन कठिन रहेको छ। प्रदेशमा लगानीमैत्री वातावरण निर्माण हुन नसक्दा अपेक्षित लगानी परिचालन हुन सकेको छैन।

**माननीय सभामुख महोदय,**

उल्लिखित चुनौतीहरूको सामना गर्दै प्रादेशिक अर्थतन्त्रलाई विस्तार तथा चलायमान गराउन देहाय बमोजिमको प्रतिबद्धता प्रस्तुत गर्दछुः

१९. कृषि, वन, उद्योग तथा सेवा क्षेत्रको विकास मार्फत नवप्रवर्धन र उद्यमशीलता प्रवर्धन गर्दै सिप विकास तथा लक्षित कार्यक्रम सञ्चालन गरी रोजगारी तथा स्वरोजगारीका अवसर सृजना मार्फत गरिबी, बेरोजगारी, परनिर्भरता र पछौटेपनको दुष्चक्रबाट समाजलाई क्रमशः मुक्त गर्दै लगिनेछ।

२०. भौगोलिक भू-बनोट अनुसारको विकास ढाँचा, जलवायु उत्थानशीलता नीति, दक्ष र उत्प्रेरित जनशक्तिको विकास तथा उपलब्ध स्रोतको विवेकशील प्राथमिकतापूर्ण उपयोग मार्फत विकासको गतिलाई तीव्रता दिइनेछ।

२१. प्रदेश सरकारको सबै संरचनामा आयोजना, बजेट र वित्तीय अनुशासन प्रणालीलाई सरोकारवाला पक्षको समन्वय र सहयोगमा सुदृढीकरण गर्दै लगिनेछ।

२२. दिगो पूर्वाधार विकास, उत्पादन र आत्मनिर्भरमुखी अर्थतन्त्रको निर्माण, गुणस्तरीय मानव पुँजीको विकास र उपयोग मार्फत प्रदेशमा युवा पुस्ता तथा बौद्धिक प्रतिभालाई टिकाउने (ब्रेन गेन एण्ड रिटेन) सोचका साथ बजेट निर्माण गरेको छु।

२३. राजस्व अधिकारको प्रयोग, करको दायरा विस्तार, कर कानुनको परिपालना र कर तिर्ने संस्कृतिको विकास मार्फत आन्तरिक आय बढाइनेछ। पर्याप्त पूर्वाधारको विकास तथा लगानीमैत्री वातावरण निर्माण गरी प्रदेशलाई आकर्षक लगानी केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बजेटका **उद्देश्य** देहायबमोजिम छन्:

(क) उत्पादन तथा उत्पादकत्व अभिवृद्धि मार्फत आय आर्जन वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,

(ख) दिगो र प्रतिफलमुखी भौतिक पूर्वाधार निर्माण गरी सघन आबद्धता कायम गर्ने,

(ग) पर्याप्त पूर्वाधार निर्माण र उपयुक्त प्रोत्साहन प्रदान गरी लगानी आकर्षण गर्ने,

(घ) गुणस्तरीय मानव पुँजी निर्माण, उपयोग र उद्यमशीलता विकास मार्फत रोजगारीका अवसर सृजना गर्ने,

(ङ) गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने।

बजेटका **प्राथमिकता** देहायबमोजिम छन्:

(क) प्रतिफलयुक्त गुणस्तरीय पूर्वाधार निर्माणमा लगानी विस्तार,

(ख) नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन, उत्पादन र रोजगारी सिर्जना,

(ग) कृषि, उद्योग, पर्यटन, सूचना प्रविधिको विकास, विस्तार र लगानी,

(घ) मानव पुँजी निर्माण, समावेशी र सन्तुलित विकास,

(ङ) जनमुखी सेवा, सदाचार प्रवर्द्धन र शासकीय सुधार।

## माननीय सभामुख महोदय,

अब, म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## कृषि तथा खाद्य व्यवस्थाः

### "कृषिको व्यावसायीकरणः कर्णालीको रुपान्तरण"

२४. कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गर्दै कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि

गरी कृषिको व्यावसायीकरण गर्दै लगिनेछ। प्रदेशमा प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिइनेछ। खेतीयोग्य बाँझो जमिनको उपयोग र कृषि पेसाप्रति युवाको आकर्षण बढाउन प्रोत्साहनको व्यवस्था मिलाएको छु।

२५. पाँच हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायी, सहकारी, फर्म, कम्पनी र कृषक समूहलाई कर्जामा व्याज अनुदान र दुई हेक्टर भन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी, फर्म, कम्पनी कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदान दिने व्यवस्थालाई परिमार्जन गरी व्याज अनुदान कार्यक्रममा रू. १० करोड २२ लाख बजेट विनियोजन गरेको छु। फलफूल बिरुवा सङ्ख्याको आधारमा कम्तिमा तीन वर्षसम्म प्रोत्साहन उपलब्ध गराउने गरी **"एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा"** स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

२६. **"व्यावसायिक कृषिको आधारः स्रोत केन्द्रको विकास र विस्तार"** भन्ने सोचका साथ फलफूल नर्सरी, च्याउ, मौरी, बिउबिजन, भेडा, बाख्रा, च्याङ्ग्रा, चौंरी, गाई, भैंसी, कुखुरा स्रोत केन्द्रको स्थापना तथा विकास कार्यक्रम कार्यान्वयन गर्न रू. १५ करोड ३९ लाख बजेट विनियोजन गरेको छु।

२७. गरिब, सीमान्तकृत, भूमिहीन, विपन्न, लक्षितवर्ग परिवारका लागि खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जन विशेष प्रोत्साहन कार्यक्रम लागि बजेट रू. ४ करोड १० लाख विनियोजन गरेको छु।

२८. रैथाने तथा निर्यातयोग्य उच्च मूल्य कृषि वस्तुहरूको पहिचान झल्किने **"मूल्यवान"** लोगो कार्यक्रमलाई ब्रान्डिङ्ग, क्यूआर कोड, भौगोलिक सङ्केत प्रमाणपत्र, लेबलिङ्ग तथा बजारीकरणमा प्रोत्साहन, रैथाने बाली प्रशोधन मिल स्थापना गरिनेछ।

२९. अर्गानिक कृषक पाठशाला सञ्चालन र प्रमाणीकरण कार्यक्रम सञ्चालन, गोठेमल, भर्मी कम्पोस्ट, दाना, जैविक मल, जैविक विषादी आदिको उत्पादन र

प्रयोगमा प्रोत्साहन कार्यक्रम र एग्रो-इकोलोजिकल मोडेल भिलेज स्थापना गरी कृषि पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ। अर्गानिक कृषि तथा रैथाने बाली तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमको लागि रू. ६ करोड १८ लाख विनियोजन गरेको छु।

३०. कर्णालीमा उत्पादन भइ प्रशस्त निर्यात सम्भावना रहेको स्याउ खेतीको विस्तार तथा प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा स्याउ विकास वोर्ड गठन गरिनेछ। ह्रासोउन्मुख बगैंचा सुदृढीकरण गर्दै स्याउ, ओखर र सुन्तला खेतीलाई विशेष कार्यक्रमको रुपमा सञ्चालन गर्न रू. १४ करोड विनियोजन गरेको छु।

३१. साना कृषकहरूको कृषि प्रणालीलाई लाभकारी, समावेशी र पर्यावरणमैत्री बनाई दिगो खाद्य प्रणालीमा रुपान्तरण गर्न कृषि प्रविधि प्रवर्द्धन तथा खाद्य सुरक्षा कार्यका लागि रू. ९ करोड ३८ लाख विनियोजन गरेको छु।

३२. **"फलफूल र कफीः व्यवसायिक उन्नति"** भन्ने सोचलाई साकार पार्न फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धन मार्फत ग्रामीण रोजगारी सिर्जना गरी कृषकको आयस्तर वृद्धि गरिनेछ। व्यावसायिक फलफूल तथा रोड करिडोर केन्द्रित कफी खेती गर्न रू. २३ करोड ८६ लाख विनियोजन गरेको छु।

३३. कर्णाली प्रदेशलाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपन्छी नश्ल सुधार तथा व्यावसायिक पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीको स्वास्थ्य उपचार सेवालाई भरपर्दो तथा दिगो व्यवस्थापनको लागि प्रादेशिक रेफरल भेटेरिनरी अस्पतालको निर्माण गरिनेछ।तरल नाईट्रोजन उत्पादन प्लान्टको निर्माण कार्य सम्पन्न गरी पशुहरूको नश्ल सुधार मार्फत पशुजन्य उत्पादनमा वृद्धि गरिनेछ। यी दुई वटै कार्यक्रमको लागि रू. ११ करोड ६३ लाख बजेट विनियोजन गरेको छु।

३४. व्यावसायिक, प्रतिस्पर्धात्मक तथा बजारमुखी उत्पादनको लागि रोड करिडोर केन्द्रित बाली तथा पशुपन्छी विशेष ठुला उत्पादन पकेट क्षेत्र विकास कार्यक्रम,

मागमा आधारित युवा लक्षित कार्यक्रम र कृषि यान्त्रिकीकरण लगायत कृषि क्षेत्रको प्रवर्द्धनको लागि उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम कार्यान्वयनको लागि रू. २८ करोड विनियोजन गरेको छु।

३५. सन् २०३० सम्म नेपालबाट उन्मूलन गरिने लक्ष्य राखेका खोरेत, पिपिआर र रेबिज लगायतका संक्रामक रोगहरू नियन्त्रणका लागि सर्भिलेन्स एवम् खोप अभियान सञ्चालन कार्यक्रमलाई निरन्तरता दिएको छु। यसबाट प्रदेशमा उत्पादित पशुपन्छीजन्य स्वस्थ्य उत्पादन भइ अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनमा सघाउ पुग्नेछ।

३६. **"स्वस्थ माटो, स्वस्थ बाली, स्वस्थ जीवन"** भन्ने मान्यतामा आधारित रही व्यावसायिक कृषि पकेट क्षेत्रमा माटोको अवस्था सुधार अभियान सञ्चालन कार्यक्रम र रासायनिक विषादीको प्रयोगलाई नियमन, न्यूनीकरण र निरुत्साहित द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला सञ्चालन कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

३७. किसानले उत्पादन गरेको दुधको मूल्य-शृङ्खला वृद्धि गर्न आवश्यक पर्ने चिलिङ भ्याट, डिप फ्रिज, मिल्क एनालाईजर जस्ता यन्त्र उपकरणहरू दुध सङ्कलन केन्द्रलाई सहुलियत दरमा उपलब्ध गराईनेछ। कृषि उपजको उत्पादन लागत घटाउन सहयोग गर्ने कृषि यन्त्र, उपकरण खरिदमा किसानलाई अनुदान सुविधाको व्यवस्था मिलाएको छु।

३८. गाईभैंसी पालन गर्ने कृषकलाई दुध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन गर्न प्रति लिटर दुधमा प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिएको छु।

३९. खेतबारीमा सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि साना सिँचाइ निर्माण तथा मर्मत कार्यक्रम अन्तर्गत सानातिना कुला र पोखरी निर्माण तथा मर्मत सम्भारका लागि रू. ३३ करोड ३२ लाख विनियोजन गरेको छु।

४०. प्राकृतिक प्रकोप, विभिन्न रोग तथा भवितव्यबाट हुन सक्ने आर्थिक क्षतिमा वित्तीय सुरक्षाका लागि सबै किसानलाई बिमाको दायरामा ल्याइनेछ। प्राकृतिक प्रकोप तथा महामारी रोगको कारण कृषि क्षेत्रमा हुने क्षतिपूर्तिको लागि राहत कार्यक्रम, बाली तथा पशुपन्छी बिमा र कृषि तथा पशुपन्छीका लागि एक स्थानीय तह एक बिमक कार्यक्रम सञ्चालन गरिनेछ।

## भूमि व्यवस्था, गुठी र सहकारीः

४१. आगामी आर्थिक वर्षमा कर्णाली प्रदेश भू-उपयोग नीति तर्जुमा गरिनेछ। प्रदेशका सबै जिल्लामा रहेको सरकारी जग्गाको लगत सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ।

४२. कर्णाली प्रदेशमा भएका गुठी जग्गाहरूको नियमनका लागि गुठीको संरक्षण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा नीति, कानुन, मापदण्ड बनाई गुठी व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

४३. सहकारी संस्थामा रहेको बचत रकमलाई उत्पादनशील तथा रोजगारमुलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ। वित्तीय कारोबार गर्ने सहकारी सङ्घ संस्था मार्फत वित्तीय साक्षरता प्रवर्द्धनका लागि प्रेरित गरिनेछ। समग्र सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्न सहकारीको नियमन व्यवस्थालाई सुदृढ गरिनेछ।

४४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि रू. २ अर्ब ५७ करोड ११ लाख विनियोजन गरेको छु । जुन चालु आर्थिक वर्षको तुलनामा ३८ प्रतिशतले वृद्धि हो ।

## उद्योग, लगानी तथा नवप्रवर्द्धनः

४५. प्रदेशमा नवीन सोच भएका युवालाई लक्षित गरी नयाँ उद्यम विकासको वातावरण निर्माण गर्न "कर्णाली **स्टार्टअप फण्ड र बिजनेस इन्क्युवेसन सेन्टर स्थापना"**

गरिनेछ। यस्ता उद्योगबाट उत्पादित वस्तु तथा सेवाको गुणस्तरीयता कायम गरी बजारीकरणका लागि सहयोग र सहजीकरण गरिनेछ। यसका लागि रू. २ करोड विनियोजन गरेको छु।

४६. स्थानीयस्तरमै उद्यमीहरूलाई प्रोत्साहन र हौसला प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गर्न टेवा पुऱ्याउने उद्देश्यले निजी उद्यमीसँगको साझेदारीमा प्रशोधनजन्य उद्योग स्थापनाका लागि आवश्यक सहयोग गरिनेछ। यसको लागि रू. ६ करोड विनियोजन गरेको छु।

४७. **"मेक इन कर्णाली"** र **"मेड इन कर्णाली"** अभियान अन्तर्गत निजी लगानीकर्ताको आकर्षण गर्न रैथाने उत्पादनको बजारीकरणको लागि कोसेली घर सञ्चालनमा ल्याइनेछ। प्रदेश सरकारका निकायबाट हुने खरिदमा उपलब्ध भएसम्म प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहित गरिनेछ।

४८. प्रदेशमा प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभका क्षेत्रमा नेपाल सरकार तथा अन्य सम्वद्ध निकायको समन्वय तथा सहकार्यमा लगानी आकर्षण गर्न **कर्णाली लगानी फण्ड** स्थापना गरेको छु। उक्त फण्डमा बिउ पुँजीको रुपमा रू. २५ करोड विनियोजन गरेको छु।

४९. उत्पादनमुलक ठुला उद्योग स्थापना र पर्यटन उद्योग व्यवसाय सञ्चालनमा निजी क्षेत्रको लगानी बढाउन पहुँचमार्ग, ढल निकास, खानेपानी व्यवस्था तथा विद्युत प्रसारण लाईन जस्ता पूर्वाधार निर्माणमा प्रदेश सरकारले लगानी र सहजीकरण गर्न आवश्यक व्यवस्था मिलाएको छु।

५०. लगानीकर्तालाई प्रदेशमा लगानीका सम्भाव्य क्षेत्रबारे जानकारी प्रदान गरी लगानी निर्णय गर्न सघाउ पुऱ्याउन कर्णाली **प्रदेश लगानी पोर्टल** विकास गरिनेछ। प्रदेशमा लगानीयोग्य परियोजना विकास तथा अन्य आवश्यक पूर्वतयारी सहित आगामी आर्थिक वर्ष **कर्णाली लगानी सम्मेलन**को आयोजना गरिनेछ।

५१. दलित समुदायको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै पेसाको आधुनिकीकरण तथा व्यवसायिकीकरण मार्फत जीविकोपार्जन, आर्थिक उन्नति, सामाजिक प्रतिष्ठा एवम्

सम्मान अभिवृद्धि गर्न मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालनको लागि रू. ५ करोड विनियोजन गरेको छु।

५२. विदेशको **अनुभव स्वदेशमा अवसर** (रिटर्नी रिटेन) भन्ने सोचका साथ वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिसँग भएको ज्ञान, सिप, अनुभव, पुँजीको अभिलेखीकरण गरी सिप प्रमाणीकरण मार्फत सोको उपयोग गरिनेछ। रिटर्नी युवाहरूलाई प्रदेशमै उद्यम व्यवसाय सञ्चालन गर्न कर्जामा सहजीकरण र व्याज अनुदान दिने व्यवस्था मिलाएको छु।

५३. निजी क्षेत्रका रोजगारदाताको सहकार्यमा बजार मागमा आधारित उद्यमशीलता एवम् सिप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता तालिमबाट उत्पादित जनशक्तिलाई प्रदेशभित्रै रोजगारीको वातावरण सृजना गरिनेछ। यस कार्यको लागि रू. ३ करोड ७३ लाख विनियोजन गरेको छु।

५४. जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाका भूकम्प प्रभावित क्षेत्रका युवालाई लक्षित गरी उद्यमशीलतामा आधारित कर्जामा व्याज अनुदान कार्यक्रम सुरुवात गरिनेछ। मध्यमस्तर व्यवसाय रणनीति तर्जुमा गरी साना तथा मझौलास्तरका उद्यम व्यवसाय (एसएमइ) लाई प्रवर्द्धन गर्न व्याज अनुदान, सहुलियत तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। यसको लागि रू. ६ करोड विनियोजन गरेको छु।

५५. उपभोक्ताको हकहित संरक्षण गर्न तथा गुणस्तरीय खाद्य पदार्थ माथि सहज पहुँच स्थापित गर्न सरोकारवाला निकायको सहकार्यमा बजारमा उपलब्ध हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण तथा बजार अनुगमन प्रणालीलाई सुदृढ बनाइने छ।

## पर्यटन प्रवर्द्धन र विकासः

५६. कर्णालीको पर्यटन प्रवर्द्धनका लागि **"संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली"** भन्ने सोचलाई साकार पार्न दिगो पूर्वाधार तथा गुणस्तरीय पर्यटकीय सेवाको विकासमा जोड दिइनेछ।

५७. पर्यटक सङ्ख्या, बसाइ अवधि र खर्च रकम बढाउने वातावरण निर्माण गर्न स्थानीय तह र निजी क्षेत्र समेतको सहकार्यमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

५८. सरकारी तथा निजी क्षेत्रको अगुवाईमा प्रदेशभित्र बन्जीजम्प, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग, अफरोड कार र्‍याली, अफरोड वाइक रेस जस्ता साहसिक खेल तथा हनी हन्टिङ्ग, हाइकिङ्ग, ट्रेकिङ्ग, खेलकुद तथा आरोग्य पर्यटन लगायतका पर्यटकीय क्रियाकलापलाई टेवा पुर्‍याउन राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गरिनेछ।

५९. नेपालकै प्रमुख आकर्षक पर्यटकीय गन्तव्य स्थलका रुपमा रहेका मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान पार्क, सल्यानको कुपिण्डे दह र रुकुम पश्चिमको स्यार्पु तालको संरक्षण र विकासका लागि बनेका गुरुयोजना कार्यान्वयनका लागि रू. २१ करोड विनियोजन गरेको छु।

६०. पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ। पर्यटकलाई पर्यटकीय क्षेत्र र सेवा लगायतका विषयमा जानकारी प्रदान गर्न **गन्तव्य कर्णाली एप** निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

६१. प्रदेशभित्रको हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थललाई केन्द्र बनाएर प्रदेशभित्रका विमानस्थलमा नियमित उडान गर्ने हवाई सेवा प्रदायकलाई आवश्यक सहयोग र सहुलियतको व्यवस्था मिलाएको छु ।

६२. कर्णाली प्रदेशमा रहेका प्रमुख पर्यटन सम्पदाको बारेमा जानकारीमूलक **पर्यटक गाइड बुक** तयार गरिनेछ। पर्यटकलाई निर्भयका साथ घुमफिर गर्ने वातावरण निर्माण गर्न पर्यटकको सुरक्षा र अप्ठ्यारो परिस्थितिमा तत्काल सहयोग गर्ने नीति लिइनेछ। पर्यटन प्रवर्द्धन तथा विकासका लागि रू. ४३ करोड विनियोजन गरेको छु।

## वन, वातावरण, जलाधार तथा जलवायु परिवर्तनः

६३. **"व्यवस्थित वन तथा जलाधारः वातावरण संरक्षणको आधार"** भन्ने अवधारणा कार्यान्वयनका लागि दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिएको छु। वन सम्पदाको संरक्षण र विकास गर्दै वनमा आधारित उद्यमशीलताको विकास मार्फत रोजगारी र आय आर्जन वृद्धि गर्दै लगिनेछ। यसका लागि रू. ८ करोड ५० लाख विनियोजन गरेको छु।

६४. समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई अनुशरण गर्दै वन तथा वातावरण संरक्षण गरिनेछ। प्रदेशको उच्च पहाडी तथा हिमाली क्षेत्रमा रहेका लेक तथा पाटन संरक्षणका लागि आवश्यक रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ।

६५. **"कर्णालीको जडीबुटीः प्रदेशको ढुकुटी"** भन्ने मान्यतालाई साकार पार्न सुगन्धित वनस्पति तथा जडीबुटी खेती, संरक्षण, सङ्कलन, प्रशोधन, मूल्य शृङ्खला अभिवृद्धि तथा बजारीकरण गर्दै कर्णाली प्रदेशलाई जडीबुटी हबका रुपमा विकास गरिनेछ।

६६. सम्भाव्य वन डढेलो नियन्त्रण गरी मानव, बोटबिरुवा र जीवजन्तुको संरक्षण गर्न आवश्यक संयन्त्रको व्यवस्था मिलाईनेछ। यस कार्यमा तीनै तहका सरकार, सुरक्षा निकाय, स्वयंसेवी संस्था, निजी क्षेत्र तथा आमनागरिकको साथ र सहयोग रहने अपेक्षा लिएको छु।

६७. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन क्षेत्रमा वन्यजन्तुको आहारा बढावा दिने प्रजातिका बिरुवाहरूको वृक्षारोपण साथै सिमसार क्षेत्र संरक्षण तथा घाँसे मैदानको व्यवस्थापन गरिनेछ। विभिन्न कारणबाट घाइते भएका वन्यजन्तुहरूको सुरक्षा, हेरचाह तथा उद्धार गरी पुनः प्राकृतिक बासस्थानमा फर्काउन वन्यजन्तु उद्धार केन्द्र सञ्चालनमा ल्याइनेछ।

६८. प्रादेशिक विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार गरिनेछ। जलवायु परिवर्तनका सवालहरूलाई क्षेत्रगत नीति, कार्यक्रम र विकास प्रक्रियाका हरेक चरणमा आन्तरिकीकरण गरी दिगो विकासको मान्यतालाई आत्मसाथ गरिनेछ।

वातावरणीय ह्रास र जलवायु परिवर्तनबाट सिर्जित जोखिम तथा आर्थिक सामाजिक नोक्सानी न्यूनीकरण र समुदायको जलवायु परिवर्तन उत्थानशीलता अभिवृद्धिमा जोड दिइनेछ। यसको लागि रू. १९ करोड ३० लाख विनियोजन गरेको छु।

६९. सुर्खेत उपत्यकाको उत्तरी जलाधार लगायतका अन्य महत्त्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण र समुदायमा आधारित दिगो व्यवस्थापन मार्फत जलविद्युत्, खानेपानी तथा सिँचाइका लागि आवश्यक पानीको स्रोतमा वृद्धि, जल पुनर्भरण, प्रकोप जोखिम रोकथाम तथा नियन्त्रण गरिनेछ। यसको लागि रू. ५ करोड विनियोजन गरेको छु।

७०. उच्च जोखिम तथा संवेदनशील क्षेत्रका जलाधार संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। पानीको स्रोत तथा सिमसार क्षेत्रको नक्साङ्कन, पहिचान तथा संरक्षण व्यवस्थापन योजना तयार गरी लागु गरिनेछ। पूर्वाधार निर्माण गर्दा वातावरणीय क्षेत्रमा पर्ने प्रभाव न्यूनीकरण गर्न वृक्षारोपण, बायोइञ्जिनियरिङ र वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यको लागि रू. २१ करोड ७० लाख विनियोजन गरेको छु।

७१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयतर्फ रू. २ अर्ब ४२ करोड ७९ लाख विनियोजन गरेको छु। जुन चालु आर्थिक वर्षको विनियोजनको तुलनामा २५ प्रतिशतले वृद्धि हो।

## भौतिक पूर्वाधार, सहरी तथा बस्ती विकासः

७२. **"दिगो भौतिक पूर्वाधारः कर्णाली विकासको आधार"** भन्ने सोचलाई साकार पार्न प्रदेश लोकमार्ग तथा प्रदेश सडकहरूको गुरुयोजनाको प्राथमिकीकरण अनुसार सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

७३. अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाइनेछ। यस अन्तर्गतका मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, खुलालु-

लालु-भेरीसाँगु-कुमालगाउँ-एअरपोर्ट-मेहल्मुडी-मुर्मा-रास्कोट-लैफु सडक, गमगढी-सेरी-सुकाढिक सडक, हुम्ला कर्णाली र मुगु कर्णाली नदी दोमुख-गमगढी-नाक्चेलाग्ना सडक, बाजुरा-कुवाडी-ताजाकोट-अदानचुली-सर्केगाड सडक, सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी-काप्रेचौर-खर्कवार-कोहलपुर सडक, तालीदेखि रूप पाटन हुँदै खार्वाङ पूर्वी रूकुम पोखरा जोड्ने सडक, छिनखेत-पूर्वी रूकुम सडक, कुइने-जामु-बाबियाचौर-भक्तरी-जंगलघाट लगायतका सडक निर्माण तथा स्तरोन्नति कार्यका लागि रू. ४९ करोड २४ लाख विनियोजन गरेको छु।

७४. प्रदेशभित्रका पर्यटन पूर्वाधार प्रवर्द्धनसँग सम्बन्धित रणनीतिक महत्व बोकेका त्रिपुरा बगर छल हुँदै मौरेलेक सडक, पातिहाल्ना-परिलह-आँखेखोला हुँदै शे-फोक्सुन्डो सडक, बालुवासंग्रही-कुपिण्डे सडक, ताल्चा-रारा सडक, हिल्सा-मानेपेमे-लिमीलाप्चा सडक, थलह-बाटुले-ब्याउलीढुङ्गा-जुम्ला सडक निर्माणका लागि रू. २१ करोड २५ लाख विनियोजन गरेको छु ।

७५. प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक सडक सञ्जालको स्तरोन्नति कार्यका लागि डुङ्गेश्वर-डाँडापराजुल सडक, गल्फागाड-थाडाँकाटे-अदानचुली सडक, महाबै गाउँपालिका कालीकोटको केन्द्र जोड्ने सडक, छार्काताङ्सोङ गाउँपालिका डोल्पाको केन्द्र जोड्ने सडक, लालिघाट-कोटवाडा-कुमालगाउ सडक, तारापानी-सोरुकोट सडक, जुम्ला खलङ्गा-लासी सडक, सलीसल्ला- पिप्लाङ् सडक, वडावन-सानाखोला सडक, गङ्गटे-आरन्टुडा-ढाँडखेत सडक स्तरोन्नति र सुर्खेत रिङरोड स्तरोन्नतिका लागि रू. ८० करोड ५० लाख विनियोजन गरेको छु।

७६. ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तर्गत निर्माणाधीन मोर्क-चङ्खिला-बडावन-सानाखोला सडक, दशरथपुर-डाँडागाउँ-जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक, चौरजहारी-नार्जी-खोलागाँउ-चौथा-बैरागीठाँटी-मुसिकोट-सल्ले सडक र शितलपोखरी-झुल्खेत-चुनवाङ सडक कालोपत्रे गर्ने कार्यका लागि रू. ८१ करोड विनियोजन गरेको छु।

७७. प्रादेशिक लोकमार्ग, प्रादेशिक सडक तथा अन्य सडकहरू निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार कार्यका लागि रू. ४ अर्ब ३६ करोड विनियोजन गरेको छु। यसबाट आ.व. २०८२/८३ मा थप १२० किमि पक्की सडक निर्माण हुने विश्वास लिएको छु।

७८. प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकलाई बाह्रै महिना सञ्चालनमा ल्याउने उद्देश्यले सडक पुल निर्माणलाई उच्च प्राथमिकता दिएको छु। क्रमागत रूपमा रहेका र आ.व. २०८२/८३ मा सुरू हुने आयोजनाहरूको लागि रू. १ अर्ब १५ करोड विनियोजन गरेको छु। यसबाट आ.व. २०८२/८३ मा थप २५ सडक पुलहरू सम्पन्न हुने अपेक्षा लिएको छु।

७९. सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन गर्नेगरी प्रदेशभित्रका सम्भाव्य स्थानहरूमा द्रूतमार्ग, सुरुङमार्ग, केबलकार, रोपवे, पोडवे, रज्जुमार्ग र जलयातायातको पूर्व सम्भाव्यता अध्ययनको लागि बजेटको व्यवस्था मिलाएको छु।

८०. विकट र दुर्गम स्थानका जनताको सेवा प्राप्तिको पहुँचलाई सरलीकृत गर्न सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधा घण्टाको हिँडाइ दुरीभित्र पहुँच सुविधा पुऱ्याउने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई उच्च प्राथमिकता दिएको छु।

८१. आगामी आर्थिक वर्षभित्र सम्पुर्ण तुईन प्रतिस्थापन गरिनेछ। सोको लागि थप ७५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्न र पुराना झोलुङ्गे पुलको मर्मत सम्भारका लागि एकमुष्ट रू. ३७ करोड ८५ लाख विनियोजन गरेको छु।

८२. हुम्लाको सदरमुकाम सिमकोटलाई मानसरोवर कैलाश प्रवेशद्वारका रूपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न खार्पु-सिमकोट नमुना एकीकृत पर्यटन पूर्वाधार विकास र शे- फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन रिङ्बो बस्तीलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गर्ने कार्यक्रमको लागि रू. ३४ करोड ५० लाख विनियोजन गरेको छु।

८३. यातायात सेवामा विद्युतीय भुक्तानी प्रणाली लागु गरिनेछ। आगामी आर्थिक वर्षदेखि प्रदेशबाटै स्मार्ट लाइसेन्स कार्ड छपाइ तथा वितरण कार्यको सुरुवात गरिनेछ। सुरक्षित सहर व्यवस्थापनको लागि वीरेन्द्रनगरका प्रमुख चोकहरूमा ट्राफिक लाइट जडान तथा राजधानीको बढ्दो सवारी चापलाई व्यवस्थित गर्न कर्णाली बसपार्क निर्माण कार्य अगाडि बढाइनेछ।

८४. छरिएर रहेका तथा विकट र जोखिमयुक्त बस्ती व्यवस्थापन एवम् गरिब, विपन्न, दलित, आवासविहीन, लोपोन्मुख र सीमान्तकृत समुदाय लक्षित एकीकृत बस्ती विकास, जनता आवास र विपन्नको घर कार्यक्रमको लागि रू. २० करोड ६० लाख विनियोजन गरेको छु। एकीकृत बस्ती विकास, जनता आवास तथा विपन्नको घर कार्यक्रम परिमार्जन गरी निरन्तरता दिइनेछ।

८५. प्रदेश राजधानी वीरेन्द्रनगरलाई व्यवस्थित सहरको रूपमा विकास गर्न चक्रपथ निर्माण तथा व्यवस्थापन कार्य एवम् अन्य निर्माणाधीन सडक तथा पुलहरूको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न एकीकृत प्रशासनिक भवन निर्माण कार्य तीन वर्षभित्र सम्पन्न गर्नेगरी आगामी आर्थिक वर्ष रू. ७४ करोड विनियोजन गरेको छु।

८६. भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाका निर्माणाधीन सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य केन्द्रहरूको पुनःनिर्माण कार्यलाई निरन्तरता दिँदै थप क्षतिग्रस्त संरचना निर्माण गर्न रू. ४२ करोड १० लाख विनियोजन गरेको छु।

८७. निर्माण कार्यको गुणस्तर प्रवर्द्धनमा विशेष जोड दिइने छ। यसका लागि वीरेन्द्रनगर स्थित पूर्वाधार विकास निर्देशनालयमा रहेको निर्माण सामग्री प्रयोगशालालाई थप व्यवस्थित तथा सुदृढीकरण गरिनुका साथै बाँकी जिल्लाका पूर्वाधार विकास कार्यालयमा स्थापना भएका प्रयोगशालाको समेत स्तरोन्नति गर्दै लगिनेछ।

८८. भवन निर्माण सम्बन्धि कानुन तर्जुमा गरिनेछ। भवन संहिताको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालामा सचेतना अभिवृद्धि र क्षमता विकासमा सहयोग गर्ने व्यवस्था मिलाएको छु।

८९. जिल्ला सदरमुकाम तथा सहरोन्मुख बस्तीहरूको एकीकृत भौतिक व्यवस्थापन गर्दै लैजाने नीति अनुरूप वीरेन्द्रनगर, दुनै, सिमकोट लगायतका सहरहरूमा भौतिक पूर्वाधारको कार्यक्रमको लागि रकम विनियोजन गरेको छु।

९०. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको लागि कुल जम्मा रू. ११ अर्व १ करोड विनियोजन गरेको छु।

## खानेपानी र सरसफाइः

९१. सबै नागरिकको आधारभूत तथा स्वच्छ खानेपानी माथिको पहुँच सुनिश्चित गरिनेछ। खानेपानीका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदी नाला एवम् जलाधार क्षेत्र र स्रोतको पहिचान तथा संरक्षण कार्यलाई निरन्तरता दिएको छु।

९२. सुरक्षित तथा स्वच्छ पिउने पानी उपलब्ध गराउन सञ्चालित खानेपानी प्रणालीको गुणस्तर सुधार, सुदृढीकरण तथा स्तरोन्नति कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेको छु। सङ्घ तथा स्थानीय तहसँगको सहकार्यमा एक घर एक धारा अभियानलाई निरन्तरता दिईनेछ।

९३. नेपाल सरकार र स्थानीय तह समेतको सहलगानीमा सञ्चालनमा रहेका खानेपानी क्षेत्रगत सुशासन आयोजना अन्तर्गत वीरेन्द्रनगर नगरपालिकाको भेरी लिफ्टिङ र शारदा नगरपालिकाको जर्खु लिफ्टिङ आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिन रू. २४ करोड विनियोजन गरेको छु।

९४. दैलेख जिल्लाको बारतडी खानेपानी बहुउद्देश्यीय आयोजना तथा सल्यानको बनगाड कुपिण्डे बृहत खानेपानी आयोजना कार्यान्वयनलाई निरन्तरता दिएको छु। अदानचुली वृहत खानेपानी योजना, मुलखोला थरा, कुपिण्डे पारीगाउँ काउचे लिफ्ट खानेपानी योजनाको निर्माण कार्य अगाडि बढाइने छ। उक्त आयोजनाहरू सञ्चालनका लागि रू. १७ करोड ३६ लाख विनियोजन गरेको छु।

९५. लामो समयदेखि सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको मर्मत सम्भार गरी नियमित सञ्चालन गर्ने र खानेपानी आपूर्तिको पहुँचभन्दा बाहिरका बस्तीहरूमा सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा क्रमशः आयोजना कार्यान्वयन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९६. जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन परियोजना मार्फत प्रथम चरणमा सल्यान, रुकुमपश्चिम र मुगु जिल्लामा कार्यक्रम सञ्चालन गरिनेछ। जनताको खानेपानी तथा सरसफाइमा सहज पहुँचको संवैधानिक हक सुनिश्चितताका लागि जलवायु अनुकूलित खानेपानी आयोजना सञ्चालन गर्न रू. ६ करोड ५९ लाख विनियोजन गरेको छु।

९७. प्रदेशका प्रमुख सहरहरूमा उत्पादन हुने फोहोरलाई स्रोतमा नै कम उत्पादन गर्ने, स्रोतमा कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्न समुदायलाई प्रोत्साहित गरिनेछ।

९८. फोहोर व्यवस्थापनमा थ्री आर (रिड्युस, रियुज, रिसाइकल) मान्यता अनुरुपका कार्यक्रम सञ्चालन गरिनेछ। अव्यवस्थित फोहोर विसर्जनलाई नियन्त्रण तथा नियमन गरी जनस्वास्थ्यमा पर्न सक्ने महामारीजन्य रोग रोकथाम तथा नियन्त्रणका अभियानमूलक कार्यक्रम  सञ्चालन गरिनेछ।

९९. स्थानीय तह, निजी क्षेत्र र स्थानीय लाभग्राही समुदायको सहभागिता र साझेदारीमा फोहोरमैलाको दिगो व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गरिनेछ।

१००. खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि जम्मा रू. १ अर्ब १६ करोड विनियोजन गरेको छु।

**सिँचाइ तथा ऊर्जा विकासः**

१०१. कृषियोग्य भूमिमा प्राथमिकताको आधारमा उपयुक्त प्रविधि मार्फत सिँचाइ सुविधा विस्तार गरिनेछ। वर्षैभरी सिँचाइ सुविधा उपलब्ध गराउनको लागि नदी खोलाको सतह गहिरिदै गई सिँचाइ योजनाको मुहानबाट नहरमा पानी सञ्चालन गर्न

असहज भएका आयोजनाको पहिचान गरी नदी,खोलामा आवश्यक थप संरचना (बेड बार, कट अफ वाल) निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१०२. खानेपानी, सिँचाइ, पर्यावरण र पर्यटनको एकीकृत विकासका लागि चौकुने गाउँपालिकामा निर्माणाधीन जुम्ल्यामूल ताल बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न रू. ७ करोड ५० लाख विनियोजन गरेको छु।

१०३. प्रदेश राजधानी संरक्षण आयोजना अन्तर्गत सुर्खेतको बुलबुलेदेखि निकास खोलासम्मको जलविहार सहितको बहुउद्देश्यीय परियोजना कार्यान्वयन गर्न बुलबुले काँक्रेविहार खण्डको निर्माण कार्य आगामी आर्थिक वर्षदेखि प्रारम्भ गरिनेछ। यसका लागि रू. ८ करोड ६१ लाख विनियोजन गरेको छु।

१०४. जल उत्पन्न प्रकोप नियन्त्रण गरी जोखिमयुक्त बस्तीहरू संरक्षणका लागि कर्णाली प्रदेश जनता तटबन्धन लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

१०५. नेपाल सरकारबाट प्रदेशभित्र सञ्चालन हुने ठुला जलविद्युत् आयोजना निर्माणका लागि लगानीकर्ताको पहिचान गरी कार्यान्वयनका लागि विशेष पहल गरिनेछ। सरकारी लगानीबाट सञ्चालन भएका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारबाट पनि शेयर लगानी गर्ने व्यवस्था मिलाएको छु।

१०६. प्रदेशको क्षेत्राधिकारभित्र पर्ने बीस मेगावाटसम्मको जलविद्युत आयोजनाको पूर्व सम्भाव्यता अध्ययन कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु। स्थानीय समुदायमार्फत सञ्चालित ग्रामीण लघु जलविद्युत आयोजनाको पहिचान तथा अध्ययन गरी प्राथमिकताको आधारमा मर्मत सम्भार कार्यलाई निरन्तरता दिईनेछ। प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको सह-लगानीमा जलविद्युत आयोजना निर्माण गर्ने नीति लिइनेछ।

१०७. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयतर्फ जम्मा रू. ३ अर्ब ८३ करोड विनियोजन गरेको छु।

**गुणस्तरीय शिक्षा र मानव पुँजी विकासः**

१०८. उपयुक्त शैक्षिक पूर्वाधार निर्माण, नवीनतम् प्रविधिको उपयोग र शैक्षिक सामग्रीको व्यवस्थापन गरी शिक्षालाई गुणस्तरीय, उद्यमशील, रोजगारमुखी र जीवन उपयोगी बनाइनेछ।

१०९. सामुदायिक विद्यालयको पठन-पाठनलाई सहज बनाई गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्षमा ३९० वटा विद्यालयको भौतिक पूर्वाधारको सुधार तथा विकासमा सहयोग गरिनेछ।

११०. विगतमा प्रदेश सरकारले सुरु गरी निर्माण सम्पन्न हुन नसकेका सामुदायिक विद्यालयका अधुरा भवन पहिचान गरी निर्माण सम्पन्न गर्न रू. १५ करोड विनियोजन गरेको छु।

१११. सार्वजनिक शिक्षामा सुधार गरी नतिजामुखी बनाउदै गुणस्तर अभिवृद्धि गर्न कक्षा १० का विद्यार्थी लक्षित **एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम** सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाई प्रतिस्पर्धी एवम् दक्ष जनशक्ति उत्पादन गर्न **मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम**लाई निरन्तरता दिइनेछ। दुबै कार्यक्रमका लागि रू. १६ करोड व्यवस्था गरेको छु।

११२. स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठुला विद्यालय विकास कार्यक्रम सञ्चालनको लागि रू. ६ करोड विनियोजन गरेको छु।

११३. युवाको प्राविधिक ज्ञान र सिप विकास गरी दक्ष सिपयुक्त जनशक्ति उत्पादन गर्न, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधार्न, परम्परागत तथा धार्मिक विद्यालय सञ्चालन गर्न तथा **"हामी सुधाछौं हाम्रो विद्यालय"** अभियानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

११४. प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा उच्च शिक्षा अध्ययनरत प्रदेशका गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु। छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु।

११५. विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु।

११६. मध्यपश्चिम विश्वविद्यालयको इन्जिनियरिङ्ग सङ्कायमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धि बढाउन र प्रदेशमा प्रयोग हुने निर्माण सामग्री तथा निर्मित संरचनाको गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला सुदृढीकरणको लागि यन्त्र उपकरण खरिद कार्यमा सहयोगको लागि रू. ४ करोड विनियोजन गरेको छु।

११७. उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रदान गरिदै आएको सहयोग तथा विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सिप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रुपमा **"हप्ताको एकबारः किताब रहित शुक्रबार"** कार्यक्रम लाई निरन्तरता दिएको छु।

## "गुणस्तरीय स्वास्थ्य सेवाः दीर्घ जीवनका लागि टेवा"

११८. प्रदेश अस्पताल स्तरोन्नति सम्बन्धमा अध्ययन गर्ने उच्चस्तरीय समितिको प्रतिवेदन बमोजिम प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरिनेछ। अस्पतालबाट प्रदान गरिने विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको व्यवस्था मिलाइनेछ। अस्पतालको छुट्टै ओपिडि ब्लक निर्माण लगायतका पूर्वाधार विकासको लागि रू. १० करोड ५० लाख विनियोजन गरेको छु।

११९. आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच स्थापित गर्न, बिरामीको उपचार खर्चमा सहुलियत प्रदान गर्न तथा अपाङ्ग एवम् असहाय नागरिकका लागि प्रदान गर्दै आएको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु। कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन अभियान सञ्चालन गरिनेछ।

१२०. रणनितिक स्थानमा रहेका अस्पतालको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिएको छु। प्रदेशका सबै जिल्लामा नियमित रूपमा आधारभूत औषधी, गुणस्तरीय स्वास्थ्य सामग्री र उपकरणको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२१. क्यान्सर, मुटु, मृगौला, अलजाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी, अटिजम जस्ता दीर्घ रोगबाट पिडित बिरामीको उपचार सहायताको लागि रू. १ करोड विनियोजन गरेको छु ।

१२२. नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुर्‍याउन इ-हेल्थ सेवा, टेलिमेडिसिन विशेषज्ञ सेवा, विशेषज्ञ स्वास्थ्य शिविर, अस्पताल एवम् प्रयोगशाला सुदृढीकरण गर्दै लगिनेछ।

१२३. सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१२४. सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई पोषणको लागि प्रदेशका "क" वर्गका स्थानका लागि रू. २ हजार ५ सय र "ख" वर्गको स्थानका लागि रू. २ हजार सुत्केरी पोषण भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छु।

१२५. कर्णाली प्रदेश सरकारले विगतदेखि स्वास्थ्य स्वयंसेविकालाई दिइदै आएको प्रोत्साहन भत्ता वृद्धि गरी रू. १२ हजार पुर्‍याएको छु। यस्तो प्रोत्साहन भत्तालाई स्वयंसेविकाबाट प्रदत्त सेवासँग प्रविधिमार्फत आवद्ध गर्ने र यसबाट महिला

स्वास्थ्य स्वयंसेविकाहरू आफ्नो जिम्मेवारीप्रति थप उत्तरदायी भइ स्वास्थ्य सेवा प्रभावकारी हुने अपेक्षा लिएको छु।

१२६. दुर्गम ग्रामीण क्षेत्रका स्थानीय बासिन्दालाई नजिकको स्थानबाट न्यूनतम् आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा सामुदायिक स्वास्थ्य इकाईहरूको सञ्चालनलाई प्रभावकारी बनाइनेछ।

१२७. प्राकृतिक उपचार पद्धतिको विकास तथा प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको स्तरोन्नति गरी छुट्टै आयुर्वेदिक औषधी उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ। जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरूको सुदृढीकरण गरी आयुर्वेद उपचार सेवाका लागि नागरिकलाई प्रोत्साहन गरिनेछ।

१२८. होमोप्याथिक, आम्ची, प्राकृतिक, अकुपञ्चर जस्ता वैकल्पिक चिकित्सा सेवालाई नागरिकको जीवनशैलीसँग आबद्ध गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। आध्यात्मिक संस्थाहरूको समन्वयमा स्वजागरण र योग ध्यान लगायत आध्यात्मिक क्रियाकलापलाई विस्तार गर्न जिल्लास्तरसम्म योग प्रशिक्षणको लागि आवश्यक रकमको व्यवस्था गरेको छु।

१२९. सुरक्षित मातृत्व, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष प्राथमिकता दिइनेछ। अस्पतालमा कार्यरत चिकित्सक लगायतका स्वास्थ्यकर्मीको क्षमता विकास गर्न कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछ।

१३०. नेपाल सरकार, स्थानीय तह तथा विकास साझेदार समेतको समन्वय र सहकार्यमा मानसिक स्वास्थ्य अवस्थाको पहिचान, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना, मानसिक रोग लगायत अन्य नसर्ने रोगको नियन्त्रणका लागि प्रतिरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु।

१३१. मातृमृत्यु, बालमृत्यु, शिशुमृत्यु, नवजात मृत्युदरलाई न्यूनीकरण गर्न सचेतना, परामर्श, सामाजिक व्यवहार परिवर्तन, पोषण, खोप, उपचार सेवालाई सशक्त

बनाइनेछ। यस सम्बन्धी सूचना व्यवस्थापन एवम् निगरानी प्रणालीको थप सुदृढीकरण गर्दै लगिनेछ।

१३२. बालबालिका, किशोरी, प्रजनन उमेरका तथा सुत्केरी महिलाको मानसिक तथा शारीरिक स्वास्थ्यका लागि सुत्केरी पोषण कोसेली कार्यक्रम र पोषिलो पिठो (सुपर सेरल प्लस) वितरण गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**युवा तथा खेलकुदः**

१३३. संघीय सरकारको सहकार्यमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। प्रतियोगिताका सबै खेलहरु प्रदेशमै आयोजना गर्ने गरी भौतिक संरचना निर्माण तथा खेल पुर्वाधार विकासको लागि रू. १८ करोड विनियोजन गरेको छु।

१३४. दशौं राष्ट्रिय खेलकुद पूर्व तयारीका कार्य, अन्तर प्रदेश कप प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा प्रदेशबाट पदक विजेता खेलाडीलाई नगद पुरस्कार सहित प्रोत्साहनको व्यवस्थाको लागि कुल रू. १० करोड विनियोजन गरेको छु।

१३५. खेलकुद विकासका लागि आवश्यक पूर्वाधार र उपयुक्त वातावरण निर्माण गरी खेलकुदसँग सम्बन्धित आधिकारिक सङ्घसंस्थाको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

१३६. "मेरो **स्वास्थ्य मेरो कर्तव्य"** बोध गर्दै स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रमलाई क्रमशः विद्यालय तहसम्म विस्तार गरिनेछ। प्रदेशभित्रै व्यावसायिक खेलाडी उत्पादन गर्न आवश्यक सहयोग मिलाइनेछ।

**समाज कल्याण तथा सामाजिक विकासः**

१३७. विकासको मूलप्रवाहबाट पछि परेका वर्ग, लोपोन्मुख, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूहलाई सिप विकास तथा सशक्तीकरण मार्फत क्षमता विकासका कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्दै लगिनेछ।

१३८. **सिपसँग सहयोग कार्यक्रम** सञ्चालन गरी उद्यमशीलता विकास, रोजगारमूलक तालिम र प्रविधि हस्तान्तरणमार्फत उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार संरक्षण र पुनर्स्थापनाका लागि समुदायको सहभागितामा प्रदेशस्तरमा दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था गरिनेछ।

१४०. कर्णाली प्रदेश सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवा आश्रम लगायतका संघ-संस्थालाई सेवा सङ्ख्याका आधारमा अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। वीरेन्द्रनगरमा सञ्चालित मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि रू. १ करोड ५० लाख विनियोजन गरेको छु।

१४१. कोही र केही नभएका ज्येष्ठ नागरिकको सहज, सरल र सम्मानपूर्ण जीवनयापनको लागि व्यवस्थित वृद्धाआश्रम सञ्चालन सहयोगमा निरन्तरता दिएको छु। ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रम लगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको संचालन र भौतिक संरचना निर्माणमा वित्तीय सहयोग गरिनेछ।

१४२. जोखिममा रहेका विशेष संरक्षण तथा वैकल्पिक स्याहारको आवश्यक भएका बालबालिकाको उद्धार, संरक्षण, पालनपोषण, शिक्षा, पुनर्स्थापना र पारिवारिक पुनर्मिलन सहयोग कार्यक्रम सञ्चालनमा निरन्तरता दिएको छु।

१४३. आर्थिक सामाजिक विकासमा पछि परेका परिवारका छोरीका लागि लक्षित गरी शिक्षा, सिप, सचेतना तथा क्षमता विकास जस्ता सशक्तीकरणका कार्यक्रम अनुकूल हुने गरी बैङ्क खाता छोरीकोः सुरक्षा जीवन भरीको कार्यक्रमलाई परिमार्जन हुने गरी कार्यान्वयनको उपयुक्त ढाँचा विकास गरिनेछ। कर्णाली सामाजिक सशक्तीकरण कार्यक्रम मार्फत बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त स्थानीय तह घोषणा गर्न प्रोत्साहन गरिनेछ।

१४४. मानव बेचबिखन, घरेलु हिंसा जस्ता अपराधको न्यूनीकरण गर्न र आत्महत्या, लागु औषध, मदिरा एवम् सूर्तिजन्य पदार्थको दुर्व्यसनीबाट मुक्त गर्न पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ।

१४५. महिला सशक्तीकरण तथा संरक्षणका लागि समर्पित कार्यक्रमहरूलाई प्राथमिकतामा राखी हिंसा पिडित, एकल महिला, द्वन्द्वपिडित तथा सन्तानको शिक्षाको लागि अस्थायी वसोबास गरिरहेका आमाको लागि सिपविकास, आश्रय व्यवस्थापन तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

**भाषा, कला र संस्कृतिः**

१४६. नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दैलेखको दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ।

१४७. प्रदेशको मौलिक कला, संस्कृति, भाषा, साहित्य र पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन, सम्वर्द्धनका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ। यसबाट प्रदेशको कला, साहित्य, संस्कृति, लोक जीवनको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा लिएको छु।

१४८. नेपाली भाषाको मातृ भाषाको रुपमा रहेको खस भाषालाई संरक्षण र प्रवर्द्धन गर्न रेडियो नेपाल लगायतका सञ्चार माध्यमबाट सो सम्बन्धी कार्यक्रम प्रसारण र प्रकाशन गर्ने व्यवस्था मिलाएको छु।

१४९. स्थानीय तहसँगको साझेदारीमा कर्णाली प्रदेशमा रहेका सम्पदाहरूको अभिलेखीकरण, संरक्षण, विकास र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। योगी नरहरिनाथको योगदानलाई उच्च कदर गर्दै प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय सुर्खेतमा कृतिको अभिलेखीकरणका लागि आवश्यक व्यवस्था मिलाएको छु।

१५०. सामाजिक विकास मन्त्रालयको लागि जम्मा रू. ५ अर्ब ७७ करोड विनियोजन गरेको छु।

## आन्तरिक मामिला तथा कानुनः

१५१. प्रदेशसँग सम्बन्धित सङ्घ, प्रदेश र स्थानीयतहबाट निर्मित कानुनहरू बिचको सामञ्जस्यता, अन्तरसम्बन्ध तथा विरोधाभाष लगायतका विषयमा अध्ययन अनुसन्धान गरी प्रदेश कानुन निर्माण तथा परिमार्जन लगायतका विषयमा सुझाव दिन लिगल अडिटको व्यवस्था मिलाएको छु।

१५२. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सङ्घ, स्थानीय तह, विकास साझेदार र गैरसरकारी संस्थासँग समन्वय र सहकार्यमा कानुनी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. जनआन्दोलन, सशस्त्र सङ्घर्ष र कर्णाली प्रदेश प्राप्ति आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका तथा असहाय, गरिब व्यक्तिलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको जीवन निर्वाह भत्ता र न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिद स्मृति भत्तासम्बन्धी कार्यक्रमको निरन्तरताका लागि रू. ८ करोड ५० लाख विनियोजन गरेको छु। यस कार्यक्रमलाई लाभग्राहीको जीवनस्तरमा सुधार ल्याउने गरि उद्यमशीलतामा आबद्ध गर्दै लगिनेछ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनः**

१५४. विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी विपद्बाट हुन सक्ने मानवीय, आर्थिक, सामाजिक र पर्यावरणीय क्षतिलाई कम गरिनेछ। भूकम्प, बाढी पहिरो जस्ता विपद् व्यवस्थापनमा उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ। यस्ता कार्यमा प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी संस्थालाई प्रोत्साहित गरिनेछ।

१५५. सुर्खेत विमानस्थल परिसरमा मानवीय सहायता तथा विपद् उद्धार एचएडिआरका लागि नेपाली सेनाको सहकार्यमा पोखरी निर्माण गर्न रू. १ करोड ५० लाख विनियोजन गरेको छु।

१५६. विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्नेलाई प्रोत्साहन तथा पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाएको छु। नेपाल सरकार समेतको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार तथा विपद् व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न विपद् व्यवस्थापन कोषको लागि रू. ५ करोड विनियोजन गरेको छु।

१५७. विपद्को जोखिम तथा असर न्यूनीकरण गर्न विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशका घरहरूको विपद् जोखिम बिमा कार्यक्रम तथा कर्णालीवासी तथा प्रदेशमा सेवारत सबै नागरिकको सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रमलाई विस्तार गर्दै निरन्तरता दिएको छु। यसका लागि रू. ५ करोड १० लाख विनियोजन गरेको छु।

१५८. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन आपतकालीन राहत वितरण गर्ने व्यवस्था मिलाएको छु। स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ। विपद् प्रतिकार्य, खोज र उद्धार कार्यको लागि विपद्सँग सम्बन्धित अत्यावश्यक सामग्रीको अभाव नहुने प्रबन्ध मिलाएको छु।

**सञ्चार तथा सूचना प्रविधिः**

१५९. आमसञ्चार तथा सूचना प्रविधिको विकास तथा प्रवर्द्धनको लागि कर्णाली आमसञ्चार तथा सूचना प्रविधि विधेयक तर्जुमा गरी प्रदेश सभामा यसै अधिवेशनमा पेस गरिनेछ। सार्वजनिक सूचना मार्फत सार्वजनिक सरोकारका विषयमा नागरिकलाई सुसूचित गर्न तथा सञ्चार गृहको प्रवर्द्धनको लागि हाल दिँइदै आएको लोक कल्याणकारी विज्ञापन कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६०. प्रदेश सरकारका निकायबाट प्रकाशन गरिने विज्ञापन तथा सूचनामा प्रदेशमा सञ्चालित सञ्चार माध्यमलाई प्राथमिकता दिइनेछ।

१६१. पत्रकारिता तथा आमसञ्चार र कानुन अध्ययनका लागि छात्रवृति, प्रादेशिक पत्रकारिता पुरस्कार, क्षमता अभिवृद्धि र विपद् तथा अन्य जोखिमका कारण क्षति हुने सञ्चार उपकरणको बिमाका लागि सञ्चार माध्यम बिमा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१६२. डिजिटल कर्णालीको अवधारणालाई मूर्त रूप दिन मध्यपश्चिम विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान समेतको सहकार्यमा **डिजिटल कर्णाली फ्रेमवर्क** निर्माण गरिनेछ। निजी तथा सार्वजनिक क्षेत्रमा सूचना प्रविधिमा आधारित उद्यम व्यवसाय र सेवा प्रवाहको उपयोगलाई बढावा दिन जेन्जी पुस्तालाई लक्षित गरी सूचना प्रविधिजन्य उद्यम प्रवर्द्धनका लागि **इन्क्युवेसन सेन्टर** स्थापना गरिने छ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१६३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय तर्फ रू. ३० करोड विनियोजन गरेको छु।

**सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहः**

१६४. उच्चस्तरीय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सुझाव समितिको सिफारिसको आधारमा समान प्रकृतिका संरचना एक आपसमा गाभ्ने, औचित्यपूर्ण नदेखिएका संरचना खारेज गर्ने लगायतका कार्य मार्फत प्रशासनिक संरचनालाई चुस्त र उपयुक्त आकारमा रूपान्तरण हुने गरी प्रदेशको प्रशासनिक पुनर्संरचना गरिनेछ।

१६५. प्रदेशमा कार्यरत राष्ट्रसेवक र स्वीकृत दरबन्दीभित्रका करार सेवामा कार्यरत कर्मचारीलाई प्रदान गर्दै आएको कर्णाली प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु। कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेश सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु।

१६६. प्रदेश सरकारको नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई प्रशासनिक पुनर्संरचना नहुञ्जेल रिक्त दरबन्दीमा पदपूर्ति गरिने छैन। स्वीकृत दरबन्दीभन्दा बढी हुने गरी अस्थायी वा करार सेवामा कर्मचारी नियुक्ति गरिने छैन। सङ्घीय निजामती सेवा ऐन अनुकूल हुने गरी प्रदेश र स्थानीय निजामती सेवाका कानुन समसामयिक परिमार्जन गरिनेछ।

१६७. प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूको विधायिकी तथा योजना तर्जुमा र कर्मचारीहरूको प्रशासनिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाएको छु। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजिएसपी) का लागि रू. १७ करोड विनियोजन गरेको छु।

१६८. सेवा प्रवाह र विकास निर्माणमा जनगुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन **"हेल्लो मुख्यमन्त्री हटलाइन सेवा"** लाई थप व्यवस्थित गरिनेछ। जनताको माग र समस्यालाई तत्काल सम्बोधन गर्दै सार्वजनिक जवाहदेहिता अभिवृद्धि गर्नको लागि **"जनतासँग मुख्यमन्त्री"** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१६९. भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति लिई सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र निष्पक्ष बनाउँदै शासकीय स्वच्छता कायम गरिनेछ। सार्वजनिक सेवालाई पारदर्शी, सर्वसुलभ र छरितो बनाउनको लागि सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

१७०. प्रदेश सरकार मातहतका निकायहरूको व्यवस्थापन परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। प्रदेश सरकारका निकायबाट प्रदान गरिने सेवाको सम्बन्धमा नागरिकको स्वतन्त्र मूल्याङ्कनका लागि **नागरिक सन्तुष्टि सर्वेक्षण** गर्ने व्यवस्था मिलाएको छु।

१७१. तीन तहका सरकारबिच सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्न कर्णाली प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतका संरचनालाई थप सक्रिय र क्रियाशील बनाइनेछ।

१७२. कर्णाली प्रदेश सरकारलाई विकास निर्माण, वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन लगायतका क्षेत्रमा उपयोगी सुझाव र सल्लाह प्रदान गर्न क्षेत्रगत विज्ञ समूह बनाइनेछ। प्रदेशस्तरीय बौद्धिक सम्वादका लागि **मुख्यमन्त्री नीति सम्वाद कार्यक्रम** सञ्चालन गरिनेछ।

१७३. गैरसरकारी संस्थालाई प्रादेशिक प्राथमिकताका क्षेत्रमा परिचालन, नियमन, अभिलेख र व्यवस्थापन गर्न गैरसरकारी संस्था सम्बन्धी विधेयक प्रदेश सभाको यसै अधिवेशनमा पेस गरिनेछ। प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी संघसंस्थाहरूलाई प्रदेशको योजना तथा नीतिसँग आबद्ध गर्दै प्रदेशका प्राथमिकताका क्षेत्रमा परिचालन गरिनेछ।

## अन्तर सरकारी वित्त हस्तान्तरणः

अब, म नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस तथा सुझाव समेतलाई आधार मानी प्रदेशभित्रका स्थानीय तहमा आगामी आर्थिक वर्ष २०८२/८३ को लागि प्रदान गरिने वित्तीय हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छुः

१७४. प्रदेश सरकारको स्थापना कालदेखि प्रत्येक आर्थिक वर्षमा रू. ८० करोडका दरले प्रदान गरिदै आएको वित्तीय समानीकरण अनुदानको अंशलाई वित्तीय स्वायत्तताको मर्म अनुरूप बढाएर रू. ९५ करोड पुऱ्याएको छु।

१७५. समपूरक अनुदान सम्बन्धी नयाँ कार्यविधि निर्माण गरी स्थानीयस्तरका पूर्वाधार निर्माण सम्बन्धी आयोजना  कार्यान्वयन गर्न प्रदान गरिने समपुरक अनुदानलाई स्थानीय तहको पूर्वाधार विकासको अवस्था र भौगोलिक विकटताको आधारमा वर्गीकरण गरी विकासमा पछि परेका स्थानीय तहलाई प्रदेश सरकारले बेहोर्ने

योगदानको हिस्सा बढाएको छु। नयाँ व्यवस्था अनुरुप समपूरक अनुदानको अंश वृद्धि गरी रू. ७६ करोड ४६ लाख पुऱ्याएको छु।

१७६. स्थानीय तहबिचको असमानता कम गर्न प्रदेशमा रहेको विभेद र वञ्चितीकरणमा रहेका वर्ग तथा समुदायको उत्थान एवम् विकासका लागि प्रदान गरिने विशेष अनुदानलाई व्यवस्थित गर्न नयाँ कार्यविधि तर्जुमा गरी स्थानीय तहको वञ्चितीकरणको आधारमा हस्तान्तरण हुने व्यवस्था मिलाएको छु। आगामी आर्थिक वर्षको लागि विशेष अनुदानको रकम वृद्धि गरी रू. ३६ करोड ८० लाख पुऱ्याएको छु।

१७७. प्रदेशको अधिकार सूचीभित्रका विषयमा स्थानीय तह मार्फत आयोजना कार्यान्वयन गरी सन्तुलित विकास र प्रादेशिक मानक स्थापित गर्न निर्माण गरिएको ससर्त अनुदान सम्बन्धी नयाँ कार्यविधि अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्य विषयगत मन्त्रालयबाट सर्त वा उपलब्धि तोकेर प्रदान गरिने ससर्त अनुदानको अंशलाई चालु आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले घटाएर रू. २ अर्ब ५१ करोड कायम गरेको छु।

१७८. स्थानीयस्तरको माग र आवश्यकता अनुरुप मुख्यमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गर्दै स्थानीय पूर्वाधार विकासको अतिरिक्त सिप तथा उद्यम विकासका कार्यक्रम मार्फत रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्न **"मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम"** का रूपमा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी रू. १ अर्ब १४ करोड ९० लाख वित्तीय हस्तान्तरणको व्यवस्था मिलाएको छु।

१७९. प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गर्ने अभ्यास र संस्कृतिको विकासका साथै सङ्घीयताको मर्मलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्षमा स्थानीय तहमा कुल रू. ४ अर्ब ५९ करोड रकम वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु।

**बजेट कार्यान्वयनमा प्रभावकारिता तथा पुँजीगत खर्चमा सुधारः**

१८०. चालु प्रकृतिको प्रशासनिक खर्चमा हरसम्भवको मितव्ययिता अपनाई चालु खर्चलाई समेत पुँजीगत खर्च र नागरिक सेवा प्रवाहसँग आवद्ध गरिनेछ। अर्थतन्त्रलाई चलायमान र विस्तार गर्दै आय, उत्पादन र रोजगारी बढाउने उच्च प्रतिफलयुक्त क्षेत्रमा पुँजीगत खर्च केन्द्रित गरिनेछ। प्रदेशको राजस्व परिचालन अभिवृद्धिमा सहयोग पुग्ने र सामाजिक न्यायमा टेवा पुग्ने गरी सरकारी खर्चलाई निर्देशित गरिनेछ।

१८१. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन करार सम्झौता तथा प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनोट गरी आयोजनाको कार्यसम्पादन अभिवृद्धि गरिनेछ।

१८२. बजेट विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन खर्च गर्ने निकाय वा क्रियाकलाप एकीन नगरी विषयगत मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ।

१८३. प्रदेश सरकारको बजेटमा समावेश भएका पूर्वाधार निर्माण सम्बन्धी आयोजना स्वीकृत बजेटको सीमाभित्र रही संवत् २०८२ साल असार १ गतेपछि खरिद प्रक्रिया सुरु गर्न सकिने व्यवस्था मिलाएको छु।

१८४. आयोजना वा कार्यक्रम कार्यान्वयनमा शीघ्रता ल्याउन सालबसाली रुपमा सञ्चालन हुँदै आएका कार्यक्रम आगामी आर्थिक वर्षमा समेत यथावत् रुपमा सञ्चालन हुने भएमा कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम बनेका निर्देशिका, कार्यविधि वा मापदण्डका आधारमा कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाएको छु।

१८५. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भइ रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि छुट्टै निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनुपर्ने भएमा सम्वत् २०८२ साल असोज मसान्तसम्म तर्जुमा गरी प्रदेश राजपत्र र विषयगत मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

१८६. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्क सम्बन्धी प्रचलित मापदण्ड अनुसारको सबै प्रकृया पूरा गर्नु पर्नेछ।

१८७. बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नुपर्ने उपयुक्त आधार र कारण सहित बजेट रकम तथा स्रोत परिवर्तन नहुने गरी अनुरोध भइ आएमा संवत् २०८२ साल पौष मसान्तभित्र संशोधन गर्न सकिने व्यवस्था मिलाएको छु।

१८८. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बहुवर्षीय आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्रदान भएको मितिले ६ महिना वा सोही आर्थिक वर्षको जेठ मसान्तमध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र ठेक्का सम्झौता नभएमा स्रोत सहमति स्वतः रद्द हुने व्यवस्थालाई निरन्तरता दिएको छु।

१८९. प्रदेश सरकारका निकायबाट लागत सहभागिताका आधारमा लाभग्राहीलाई प्रदान गरिने जुनसुकै प्रकारका नगद अनुदानमा दोहोरोपना नहुने गरी प्रदेश सरकारको अंश पचास प्रतिशत भन्दा बढी नहुने गरी रकम व्यवस्था गरिएको छ।

१९०. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम तथा रू. १० करोडभन्दा बढी रकम विनियोजन भएका आयोजना वा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा मूल्याङ्कन गर्ने व्यवस्थाको निरन्तरता दिएको छु।

## आयोजना छनोटमा सुधारः प्रभावकारी कार्यान्वयनको पूर्वाधार

१९१. प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको पहिचान तथा छनोट प्रक्रियालाई थप व्यवस्थित बनाउदै लगिनेछ। यसको लागि प्रदेश सरकारले सञ्चालनमा ल्याएको प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणालीलाई थप सरलीकृत, स्वचालित एवम् प्रणालीबद्ध गर्दै लगिनेछ।

१९२. प्रदेश सरकारले यस आर्थिक वर्षदेखि शुरु गरेको आयोजना छनोट सम्बन्धी व्यवस्थाको प्रदेश सरकारका निकाय तथा अन्य सरोकावालाको बुझाइमा स्पष्टता र एकरुपता ल्याउन मन्त्रालय र योजना आयोगको सहकार्यमा प्रदेश र जिल्लास्तरमा आयोजना शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१९३. वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहबाट कार्यान्वयन हुने समपुरक, विशेष र ससर्त अनुदानबाट सञ्चालन हुने आयोजनाको कानुनी व्यवस्था, छनोटको प्रक्रिया, आधार र मापदण्ड बारेमा स्थानीय तहलाई सुसूचित गर्न प्रदेशका सबै जिल्लामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१९४. विषयगत मन्त्रालय र प्रदेश योजना आयोगको सहकार्यमा आयोजना बैङ्कमा रहेका सबै आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्याङ्कन गरी मापदण्ड बमोजिमका प्रक्रिया पूरा गर्न नसक्ने अनुपयुक्त आयोजनाहरू प्रणालीबाट हटाइ कार्यान्वयनयोग्य र उच्च प्रतिफलयुक्त आयोजना मात्र आयोजना बैङ्क प्रणालीमा रहने व्यवस्था मिलाइनेछ।

**मितव्ययिता तथा वित्तीय अनुशासनः**

१९५. आयोजना कार्यान्वयन सम्झौता रकम भन्दा उक्त आयोजनाको लागि विनियोजन भएको रकम बढी भइ बचत भएमा अन्य कार्यमा खर्च नगरी सोको विवरण विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था मिलाएको छु।

१९६. रकमान्तर कार्यलाई आवश्यकतामा आधारित बनाउन  पुँजीगत तथा वित्तीय व्यवस्था तर्फका शीर्षकमा विनियोजित चालु प्रशासनिक खर्च शीर्षकमा सार्न नपाइने तथा स्रोत सहमति लिएका आयोजनामा विनियोजित रकम अन्यत्र रकमान्तर गरिने छैन। साथै आर्थिक वर्षको प्रथम त्रैमासिक अवधि, सुरु विनियोजन नभएको खर्च शीर्षक वा नयाँ क्रियाकलाप र असार महिनामा रकमान्तर नगर्ने नीतिलाई निरन्तरता दिएको छु।

१९७. सामाजिक सुरक्षा माथिको बढ्दो वित्तीय भार न्यूनीकरण गर्न सामाजिक सुरक्षासँग सम्बन्धित नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित उस्तै प्रकृतिका कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेश सरकारबाट वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१९८. प्रदेश सरकारले नेपाल सरकार वा स्थानीय तहबाट कार्यान्वयन हुने गरी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न अख्तियारी प्रदान गरेको बजेट रकमको लेखा राखी प्रचलित प्रदेश कानुन बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था मिलाएको छु।

१९९. विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारबाही प्रारम्भ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कडाईका साथ परिपालना गरिनेछ।

२००. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को प्रभावकारी कार्यान्वयन गर्न नियमावली तर्जुमा गरिनेछ। वित्तीय अनुशासन र वित्तीय व्यवस्थालाई थप व्यवस्थित र सुदृढ गर्न आर्थिक प्रशासन सम्बन्धी अन्य आवश्यक नियमावली, कार्यविधि तथा मापदण्डहरू परिमार्जन तथा निर्माण गरिनेछ। आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रणालीलाई थप सुदृढ गरी बेरुजु न्यूनीकरण तथा वित्तीय अनुशासन कायम गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब, म माथि प्रस्तुत क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत **व्यवस्थापनको** अनुमान प्रस्तुत गर्दछु।

२०१. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति, कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न चालु आर्थिक वर्षको बजेट विनियोजनको तुलनामा ५ प्रतिशतले वृद्धि गरी रू. ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार विनियोजन गरेको

छ। कुल विनियोजनमध्ये प्रदेशले खर्च गर्ने चालुतर्फ रू. ७ अर्ब ७९ करोड ९१ लाख १ हजार अर्थात् २३.६४ प्रतिशत, पुँजीगततर्फ रू. १९ अर्ब ९८ करोड २७ लाख १३ हजार अर्थात् ६०.५५ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रू. ६१ करोड ५० लाख अर्थात् १.८६ प्रतिशत र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू. ४ अर्ब ५९ करोड ९८ लाख ४१ हजार अर्थात् १३.९५ प्रतिशत विनियोजन गरेको छु।

२०२. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक आयबाट रू. ९६ करोड ७४ लाख ११ हजार, चालु आर्थिक वर्षको खर्च नभइ बचत हुने अनुमानित रकम रू. ५ अर्ब ६९ करोड ६८ लाख ४४ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम रू. १० अर्ब २७ करोड ३० लाख र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रू. १० अर्ब ५६ करोड ४ लाख र ससर्त अनुदानबाट रू. ४ अर्ब ४४ करोड ६० लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ रू. ५३ करोड ९७ लाख र विशेष अनुदानतर्फ रू. ४९ करोड ४६ लाख परिचालन गरिनेछ। सङ्घीय सरकारबाट ससर्त अनुदानमा प्राप्त हुने वैदेशिक सहायता बाहेक अन्य वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम कार्यान्वयनका लागि रू. १ करोड ८७ लाख स्रोत परिचालन हुनेछ।

२०३. आर्थिक वर्ष २०८०/८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान र आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु। सोको विस्तृत विवरण छुट्टै प्रस्तुत गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को **राजस्व परिचालनको नीति तथा कार्यक्रम** प्रस्तुत गर्दछु।

## राजस्व नीति तथा कार्यक्रम

२०४. माहुरीले मह सङ्कलन गरे जस्तै राज्यले कर सङ्कलन गर्नुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै वन, पर्यटन, कृषि जस्ता क्षेत्रको विकास र विस्तारमा असर नपर्ने गरी यस्ता क्षेत्रमा नयाँ कर प्रस्ताव गरेको छु। यसबाट करको दायरा विस्तार भइ आन्तरिक राजस्व परिचालन अभिवृद्धि हुने अपेक्षा गरेको छु।

२०५. प्रदेशभित्र रहेको खेतीयोग्य जमिनको उत्पादनशील उपयोग नगरी बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सामान्य कर प्रस्ताव गरेको छु।

२०६. प्रदेश र स्थानीय तहका साझा कर अधिकार अन्तर्गत स्थानीय तहबाट सङ्कलन गरी प्रदेशमा समेत बाँडफाँट गर्नुपर्ने कर निर्धारित समयमा दाखिला गर्न सहयोग र सहजीकरण गरी कर साझेदारी संस्कृतिको विकास गरिनेछ। सङ्कलित राजस्व बाँडफाँट नगर्ने स्थानीय तहलाई आगामी आर्थिक वर्षमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको किस्ताबाट कट्टा गरी कर मिलान गर्ने व्यवस्था मिलाएको छु।

२०७. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ तथा प्रचलित कानुन विपरित ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले असुल गर्ने दण्ड जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिनेछ।

२०८. प्रदेशको आन्तरिक राजस्वको प्रमुख स्रोतको रुपमा रहको घर जग्गा रजिष्ट्रेसन शुल्कको मूल आधारको रुपमा रहने जग्गाको न्यूनतम मूल्य निर्धारण समितिमा प्रदेशको अनिवार्य प्रतिनिधित्वका लागि कानुनी सुधार तथा प्रशासनिक समन्वयको लागि नेपाल सरकारसँग पहल गरिनेछ।

२०९. प्रदेश सरकारको लगानीमा निर्माण भएका पर्यटकीय संरचनाबाट स्थानीय तह वा अन्य कुनै सङ्घ संस्था वा समिति मार्फत सङ्कलन हुने पर्यटन शुल्कको साझेदारी अंश निर्धारण गरी प्रदेशले पाउने हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाएको छु।

२१०. **"कर्णालीको वनः कर्णालीकै धन"** भन्ने नारालाई साकार पार्न प्रदेशभित्रका काष्ठ तथा गैरकाष्ठ वन पैदावारको कटान मुछान तथा बिक्री वितरणबाट प्राप्त आम्दानीमा शुल्क लगाई प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ।

२११. प्रदेश सरकारका निकायबाट विभिन्न व्यक्ति, समूह, संस्थालाई प्रदान गरिने नगद अनुदानमा भुक्तानी गर्दाकै बखत अनुदानग्राहीबाट न्यूनतम सेवा शुल्क कट्टा गरी बाँकी भुक्तानी हुने व्यवस्था मिलाएको छु।

२१२. राजस्व परिचालनको सम्भाव्यता अध्ययन कार्यदलले दिएको सुझावका आधारमा राजस्व सुधार कार्ययोजना निर्माण गरी नेपाल सरकार, स्थानीय तह र करदाता समेतको सहयोग तथा समन्वयमा प्रदेश राजस्व प्रशासनको सुदृढीकरण गरी राजस्व परिचालन अभिवृद्धि गर्दै लगिनेछ।

२१३. प्रदेशभित्र इँटा, कंक्रिट-ब्लक उत्पादन गर्ने उद्योग, नदीजन्य पदार्थ प्रशोधन गर्ने उद्योग र प्लाष्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग व्यवसायमा सामान्य वातावरण संरक्षण शुल्क लगाउने प्रस्ताव गरेको छु। यसबाट राजस्व परिचालनको अतिरिक्त दिगो विकास र वातावरणीय स्वच्छता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

२१४. निर्माण सामग्री तथा खानेपानीको गुणस्तर परीक्षण गर्न स्थापना भएका प्रयोगशालाबाट प्रदत्त सेवामा परीक्षण शुल्क लगाउने प्रस्ताव गरेको छु। यसबाट राजस्व परिचालनमा वृद्धि तथा गुणस्तरीय पूर्वाधार निर्माण र पिउने पानीमा स्वच्छता कायम हुने समेत अपेक्षा गरेको छु।

२१५. आगामी आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारका निकायको लागि राजस्वको लक्ष्य निर्धारण गरी सङ्कलन गर्न तथा स्थानीय तहलाई समेत राजस्व सङ्कलनको लक्ष्य तोकी राजस्व सङ्कलन तथा बाँडफाँट गर्न प्रेरित गरिनेछ।

## राजस्व छुट तथा सहुलियतः

२१६. सरकारी कार्यालयमा मर्मत सम्भार गरी पुनः प्रयोगमा आउन नसक्ने अवस्थामा रहेका पुराना सवारी साधन लिलाम गरी लगत कट्टा गर्दा पछिल्लो दुई वर्षको सवारी साधन कर बाहेक अन्य दस्तुर तथा जरिबाना नलाग्ने व्यवस्था मिलाएको छु।

२१७. प्रदेश व्यापार र व्यवसाय सञ्चालन सम्बन्धी कानून बमोजिम व्यवसाय दर्ता भई तोकिएको अवधिभित्र नवीकरण हुन नसकेका व्यवसायिक फर्म तथा उद्योगलाई सम्वत् २०८२ पौष मसान्तसम्म तोकिएको शुल्क तिरी नवीकरण गरेमा जरिबाना मिनाहा हुने व्यवस्था मिलाएको छु।

२१८. भाडाका बस, मिनीबस तथा माइक्रोबस जस्ता सवारी साधनमा यातायात प्रशासनले तोके बमोजिमको स्टीकर वा सूचना टाँस गरी विद्यार्थी, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधन धनीले तिर्नु पर्ने सवारी साधन करमा पचास प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२१९. सुर्ती र मदिराजन्य उद्योग बाहेकका अन्य उत्पादनमूलक उद्योग, जलविद्युत, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, जडीबुटी खेती एवम् फलफूल उद्योग तथा सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले जग्गाको चक्ला मिलाई सञ्चालन हुने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा शत प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२२०. अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएका जाति तथा अल्पसङ्ख्यक, सीमान्तकृत जातिलाई स्थानीय तहको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा घरजग्गा रजिस्ट्रेसन शुल्कमा पच्चिस प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

२२१. महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र माता तथा पिता विहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखत तथा वैदेशिक रोजगारीबाट बैङ्किङ प्रणाली मार्फत् प्राप्त रकमबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

२२२. आगामी आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने, पुँजीगत खर्च अभिवृद्धि हुने, पूर्वाधार निर्माणको कार्यले गति लिने तथा विभिन्न महामारी र

आर्थिक शिथिलताको असर कम हुँदै जाँदा समग्र आर्थिक गतिविधिहरू बढोत्तरी भइ ६.५ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरेको छु।

२२३. मैले प्रस्तुत गरेको यस बजेटको कार्यान्वयनबाट नेपाली जनताका संविधान प्रदत्त मौलिक हक कार्यान्वयनमा सघाउ पुग्ने, पूर्वाधार निर्माणले गति लिने, गरिबी घट्दै जाने, रोजगारीका अवसर सिर्जना हुने, बजेट तथा वित्तीय अनुशासन कायम भइ लोकतन्त्र, विकास, सामाजिक न्याय र सुशासन सुदृढ हुँदै आम नागरिकमा प्रदेश सरकार प्रतिको विश्वास र भरोषा अभिवृद्धि हुने विश्वास लिएको छु।

**माननीय सभामुख महोदय,**

२२४. यो बजेट तर्जुमाको लागि मार्गदर्शन गर्नुहुने माननीय कर्णाली प्रदेशका प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेशसभाका माननीय सभामुख, माननीय उपसभामुखप्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु।

२२५. बजेटका सिद्धान्त तथा प्राथमिकता र सरकारको नीति तथा कार्यक्रममा महत्त्वपूर्ण सल्लाह, सुझाव, प्रतिक्रिया, राय अभिमत प्रकट गर्नुहुने प्रमुख प्रतिपक्ष दलका नेता, प्रदेशसभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

२२६. यस बजेट तर्जुमाका क्रममा महत्त्वपूर्ण सल्लाह सुझाव दिनु हुने प्रदेशका पूर्व मुख्यमन्त्रीज्यूहरू, पूर्व आर्थिक मामिला तथा योजना मन्त्रीहरू, राजनीतिक दलका नेताहरू, प्रदेश सभाका समितिका पदाधिकारीहरू, कर्णाली प्रदेश योजना आयोग, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, उद्योगी, व्यवसायी, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत् लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछु। साथै बजेट तर्जुमाका बखत प्राप्त सहयोग कार्यान्वयनमा समेत निरन्तरता रहने विश्वास लिएको छु।

२२७. अन्त्यमा, सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीको अभिलाषा साकार पार्दै प्रदेशवासीको जीवनस्तरमा उल्लेखनीय रूपमा सुधार ल्याउन सबै एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद।**

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८२/८३

**अनुसूची - १**
**(रु.हजारमा)**

| विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघीय अनुदान | |
| | | | | | संघीय | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१५,१९,९१,७७** | **१५,४८,७८,८३** | **१६,९३,७२,५५** | **१६,९३,७२,५५** | **०** | **०** |
| २ कर | ७,७६,६७,९५ | ८,८१,३७,८५ | १०,६३,०८,९० | १०,६३,०८,९० | ० | ० |
| ३ अन्य राजस्व | २७,१५,९६ | २९,०६,३९ | ४२,१४,६६ | ४२,१४,६६ | ० | ० |
| ४ बिबिध प्राप्ति | ७,१६,०७,८६ | ६,३८,३४,५९ | ५,८८,४८,९९ | ५,८८,४८,९९ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१५,१९,९१,७७** | **१५,४८,७८,८३** | **१६,९३,७२,५५** | **१६,९३,७२,५५** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **१०,९७,८६,४९** | **१३,४६,५४,६७** | **१६,०५,९४,००** | **०** | **१३,५९,२४,००** | **२,४६,७०,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२६,१७,७८,२६** | **२८,९५,३३,५०** | **३२,९९,६६,५५** | **१६,९३,७२,५५** | **१३,५९,२४,००** | **२,४६,७०,००** |
| **८ खर्च (९+१०+११)** | **१९,८६,८२,०८** | **२३,२५,६५,०६** | **३२,३८,१६,५५** | **१६,८२,२२,५५** | **१३,०९,२४,००** | **२,४६,७०,००** |
| ९ चालु | ५,३५,८७,८७ | ५,७६,०२,४७ | ७,७९,९१,०१ | ५,७२,२९,३६ | १,४८,७१,७४ | ५८,८९,९१ |
| १० पूंजीगत खर्च | १०,६९,३०,८६ | १२,६५,८८,१२ | १९,९८,२७,१३ | ७,८७,८४,७८ | १०,२२,६२,२६ | १,८७,८०,०९ |
| ११ वित्तीय हस्तान्तरण चालु | ३,८१,६३,३५ | ४,८३,७४,४७ | ४,५९,९८,४१ | ३,२२,०८,४१ | १,३७,९०,०० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-६,३०,९६,१८** | **-५,६९,६८,४४** | **-६१,५०,००** | **-११,५०,००** | **-५०,००,००** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **६१,५०,००** | **११,५०,००** | **५०,००,००** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५)** | **०** | **०** | **६१,५०,००** | **११,५०,००** | **५०,००,००** | **०** |
| १५ अन्य संस्थामा शेयर लगानी | ० | ० | ६१,५०,०० | ११,५०,०० | ५०,००,०० | ० |
| **१६ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-६,३०,९६,१८** | **-५,६९,६८,४४** | **०** | **०** | **०** | **०** |
| **१७ कुल आम्दानी** | **२६,१७,७८,२६** | **२८,९५,३३,५०** | **३२,९९,६६,५५** | **१६,९३,७२,५५** | **१३,५९,२४,००** | **२,४६,७०,००** |
| **१८ कुल खर्च** | **१९,८६,८२,०८** | **२३,२५,६५,०६** | **३२,९९,६६,५५** | **१६,९३,७२,५५** | **१३,५९,२४,००** | **२,४६,७०,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **७,७६,६७,९५** | **८,८१,३७,८५** | **१०,६३,०८,९०** | **१०,६३,०८,९०** | **०** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **०** | **११** | **७** | **७** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **०** | **११** | **७** | **७** | **०** |
| कृषि आयमा कर | ० | ११ | ७ | ७ | ० |
| **सम्पत्ति कर** | **१२,८५,६९** | **१५,६१,८०** | **२०,४५,००** | **२०,४५,००** | **०** |
| **घरजग्गा रजिष्टेशन दस्तुर** | **१२,८५,६९** | **१५,६१,८०** | **२०,४५,००** | **२०,४५,००** | **०** |
| घरजग्गा रजिष्टेशन दस्तुर | १२,८५,६९ | १५,६१,८० | २०,४५,०० | २०,४५,०० | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **७,६३,७२,३३** | **८,६५,६४,४९** | **१०,४२,३३,८२** | **१०,४२,३३,८२** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **५,६३,४०,२५** | **६,२३,६८,२८** | **७,७०,४७,५०** | **७,७०,४७,५०** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,६३,४०,२५ | ६,२३,६८,२८ | ७,७०,४७,५० | ७,७०,४७,५० | ० |
| **अन्तः शुल्क** | **१,८६,१८,४६** | **२,२२,३३,५१** | **२,५६,८२,५०** | **२,५६,८२,५०** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १,८६,१८,४६ | २,२२,३३,५१ | २,५६,८२,५० | २,५६,८२,५० | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **१४,१३,४८** | **१९,४८,९६** | **१४,७८,७२** | **१४,७८,७२** | **०** |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ० | १,१० | १,२७ | १,२७ | ० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २,३९ | ८,०४ | १,५० | १,५० | ० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १४,११,०९ | १९,३९,८२ | १४,७५,९५ | १४,७५,९५ | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **१४** | **१३,७४** | **२५,१०** | **२५,१०** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १४ | १० | ५,०४ | ५,०४ | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | १३,६४ | २०,०६ | २०,०६ | ० |
| **अन्य कर** | **९,९३** | **११,४५** | **३०,०१** | **३०,०१** | **०** |
| **व्यवसायले भुक्तानी गर्ने** | **९,९३** | **११,४५** | **३०,०१** | **३०,०१** | **०** |
| व्यवसायले भुक्तानी गर्ने | ९,९३ | ११,४५ | ३०,०१ | ३०,०१ | ० |
| **अनुदान** | **१०,९७,८६,४९** | **१३,४६,५४,६७** | **१६,०५,९४,००** | **१६,०५,९४,००** | **०** |
| **द्विपक्षीय वैदेशिक अनुदान** | **१,४७,२९** | **१,३३,५०** | **१,८७,००** | **१,८७,००** | **०** |
| **द्विपक्षीय वैदेशिक चालु अनुदान** | **१,४७,२९** | **१,३३,५०** | **१,८७,००** | **१,८७,००** | **०** |
| द्विपक्षीय वैदेशिक चालु अनुदान | १,४७,२९ | १,३३,५० | १,८७,०० | १,८७,०० | ० |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१०,९६,३९,२०** | **१३,४५,२१,१७** | **१६,०४,०७,००** | **१६,०४,०७,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **१०,९६,३९,२०** | **१३,४५,२१,१७** | **१६,०४,०७,००** | **१६,०४,०७,००** | **०** |
| समानिकरण अनुदान | ७,५३,२६,१५ | ९,५१,२१,१७ | १०,५६,०४,०० | १०,५६,०४,०० | ० |
| शसर्त अनुदान चालु | २,६५,४९,४४ | २,९२,००,०० | ४,४४,६०,०० | ४,४४,६०,०० | ० |
| विषेश अनुदान चालु | २९,३१,८० | ४२,००,०० | ४९,४६,०० | ४९,४६,०० | ० |
| समपुरक अनुदान चालु | ४८,३१,८१ | ६०,००,०० | ५३,९७,०० | ५३,९७,०० | ० |
| **अन्य राजस्व** | **२७,१५,९६** | **२९,०६,३९** | **४२,१४,६६** | **४२,१४,६६** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **५,०१,१८** | **६,६८,८०** | **१०,५४,८५** | **१०,५४,८५** | **०** |
| **भाडा र रोयल्टी** | **४,९७,१४** | **६,५८,८०** | **१०,४३,९२** | **१०,४३,९२** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ११,८१ | १६,७९ | १५,७० | १५,७० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | २,४२,२० | २,४१,११ | २,७७,२८ | २,७७,२८ | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ५,६७ | १०,४७ | १२,०४ | १२,०४ | ० |

| शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ५,१७ | २१,०० | २४,१५ | २४,१५ | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,२४,०८ | ३,६०,९५ | ७,०५,२८ | ७,०५,२८ | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ५,०४ | ४,४६ | ५,१३ | ५,१३ | ० |
| अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ३,१७ | ४,०२ | ४,३४ | ४,३४ | ० |
| **अन्य शुल्क** | **४,०४** | **१०,००** | **१०,९३** | **१०,९३** | **०** |
| पर्यटन शुल्क | ४,०४ | १०,०० | १०,९३ | १०,९३ | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१७,६८,२०** | **१८,२२,४७** | **२७,२५,१८** | **२७,२५,१८** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **६०,९९** | **३०,७९** | **५२,०२** | **५२,०२** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १५,१४ | १७,४३ | २०,८५ | २०,८५ | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | २४,५९ | ८,३४ | १५,६७ | १५,६७ | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | २१,१८ | ३,९९ | १५,०० | १५,०० | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ८ | १,०३ | ५० | ५० | ० |
| **प्रशासनिक सेवा शुल्क** | **६,५४,५९** | **८,४०,५८** | **९,१६,०९** | **९,१६,०९** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | ३,९७ | ५,२७ | ६,९९ | ६,९९ | ० |
| परीक्षा शुल्क | ३,१८,९३ | ३,२४,५३ | ४,५०,५५ | ४,५०,५५ | ० |
| यातायात क्षेत्रको आम्दानी | १,००,५० | १,३३,७१ | १,८५,५२ | १,८५,५२ | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | २,३१,१९ | ३,७७,०७ | २,७३,०३ | २,७३,०३ | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **७,८०,७५** | **७,४६,११** | **१३,२५,५२** | **१३,२५,५२** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,०७,८५ | ८०,५७ | ४,०३,०० | ४,०३,०० | ० |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ७,४८ | २०,९७ | १५,५५ | १५,५५ | ० |
| टेलिभिजन सञ्चालन दस्तुर | ३,१० | १,०० | १,१० | १,१० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ६,६२,३२ | ६,४३,५७ | ९,०५,८७ | ९,०५,८७ | ० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **२,७१,८७** | **२,०४,९९** | **४,३१,५५** | **४,३१,५५** | **०** |
| वन क्षेत्रको अन्य आय | २,७१,८७ | २,०४,९९ | ४,३१,५५ | ४,३१,५५ | ० |
| **दण्ड जरिवाना र जफत** | **४,३९,८८** | **४,१३,५२** | **४,२७,८७** | **४,२७,८७** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **४,३९,८८** | **४,१३,५२** | **४,२७,८७** | **४,२७,८७** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | २९ | २,६७ | २,४० | २,४० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | ४,३९,४८ | ४,१०,८५ | ४,१०,१२ | ४,१०,१२ | ० |
| धरौटी सदरस्याहा | ११ | ० | १५,३५ | १५,३५ | ० |
| **विविध राजस्व** | **६,७०** | **१,६०** | **६,७६** | **६,७६** | **०** |
| **अन्य राजस्व** | **६,७०** | **१,६०** | **६,७६** | **६,७६** | **०** |
| अन्य राजस्व | ६,७० | १,६० | ६,७६ | ६,७६ | ० |
| **बिबिध प्राप्ति** | **७,१६,०७,८६** | **६,३८,३४,५९** | **५,८८,४८,९९** | **५,८८,४८,९९** | **०** |
| **बिबिध प्राप्ति** | **७,१६,०७,८६** | **६,३८,३४,५९** | **५,८८,४८,९९** | **५,८८,४८,९९** | **०** |
| **बिबिध प्राप्ति** | **२०,८६,९२** | **७,३८,४१** | **१८,८०,५५** | **१८,८०,५५** | **०** |
| बेरूजू | ३,८७,५० | ४,९७,३८ | ९,९०,०० | ९,९०,०० | ० |
| निकासा फिर्ता | ४,१३,४६ | १,८३,६० | २,६७,२२ | २,६७,२२ | ० |
| अनुदान फिर्ता | १२,८५,९६ | ५७,४३ | ६,२३,३३ | ६,२३,३३ | ० |
| **नगद तथा मौज्दात** | **६,९५,२०,९४** | **६,३०,९६,१८** | **५,६९,६८,४४** | **५,६९,६८,४४** | **०** |
| गत वर्षको नगद मौज्दात | ६,९५,२०,९४ | ६,३०,९६,१८ | ५,६९,६८,४४ | ५,६९,६८,४४ | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | **२६,१७,७८,२६** | **२८,९५,३३,५०** | **३२,९९,६६,५५** | **३२,९९,६६,५५** | **०** |

**राजस्व बाँडफाँट**

| शीर्षक | २०८०/८१ को यथार्थ | २०८१/८२ को संशोधित अनुमान | २०८२/८३ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व | २६,१७,७८,२६ | २८,९५,३३,५० | ३२,९९,६६,५५ | ३२,९९,६६,५५ | ० |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८२/८३ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **९,६०,११,५०** | **५,००,१३,०९** | **४,५९,९८,४१** | २९.१० |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ३,१६,३९,०५ | ३,१६,३९,०५ | ० | |
| सामान्य सेवा | १,६४,६६,५५ | १,६४,६६,५५ | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १७,००,०० | १७,००,०० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ४,६२,०५,९० | २,०७,४९ | ४,५९,९८,४१ | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **३१,७७,००** | **३१,७७,००** | **०** | ०.९६ |
| न्यायालय | १,७७,०० | १,७७,०० | ० | |
| सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ३०,००,०० | ३०,००,०० | ० | |
| **आर्थिक मामिला** | **९,२९,२९,२०** | **९,२९,२९,२०** | **०** | २८.१६ |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ४,२६,५५,३५ | ४,२६,५५,३५ | ० | |
| इन्धन तथा उर्जा | ६,६२,०० | ६,६२,०० | ० | |
| खानी , उत्पादन तथा निर्माण | १४,०५,०० | १४,०५,०० | ० | |
| यातायात | ४,४५,२३,५० | ४,४५,२३,५० | ० | |
| अन्य उद्योगहरु | ३६,८३,३५ | ३६,८३,३५ | ० | |
| **वातावरण संरक्षण** | **१,३९,५७,९०** | **१,३९,५७,९०** | **०** | ४.२३ |
| जैविक विविधता र भू-संरक्षण | १,३३,८२,९० | १,३३,८२,९० | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ७०,०० | ७०,०० | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ५,०५,०० | ५,०५,०० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **८,०५,२४,४३** | **८,०५,२४,४३** | **०** | २४.४० |
| आवास विकास | ६८,२७,०० | ६८,२७,०० | ० | |
| खानेपानी | १,६३,३१,८६ | १,६३,३१,८६ | ० | |
| सडक विद्युतीकरण | ५,५३,०५,५७ | ५,५३,०५,५७ | ० | |
| आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | २०,६०,०० | २०,६०,०० | ० | |
| **स्वास्थ्य** | **२,५८,५९,५७** | **२,५८,५९,५७** | **०** | ७.८४ |
| औषधी उत्पादन,उपकरण तथा औजार | २,७९,०० | २,७९,०० | ० | |
| वहिरंङ्ग सेवा | ५,८९,०० | ५,८९,०० | ० | |
| अस्पताल सेवा | ७०,५४,९७ | ७०,५४,९७ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | ५१,२७,१९ | ५१,२७,१९ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | ६०,६८,८९ | ६०,६८,८९ | ० | |
| स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | ६७,४०,५२ | ६७,४०,५२ | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **८४,२७,४१** | **८४,२७,४१** | **०** | २.५५ |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | ३१,२२,६० | ३१,२२,६० | ० | |
| सांस्कृतिक सेवा | २,६४,८१ | २,६४,८१ | ० | |
| मनोरंजन संस्कृती तथा धर्ममा अनुसन्धान तथा विकास | ५०,४०,०० | ५०,४०,०० | ० | |
| **शिक्षा** | **८६,३४,०३** | **८६,३४,०३** | **०** | २.६२ |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५१,२१,०४ | ५१,२१,०४ | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | ३५,१२,९९ | ३५,१२,९९ | ० | |

| शीर्षक | २०८२/८३ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामाजिक सुरक्षा** | **४,४५,५१** | **४,४५,५१** | **०** | **०.१४** |
| बेरोजगार | ४,४५,५१ | ४,४५,५१ | ० | |
| **कुल जम्मा** | **३२,९९,६६,५५** | **२८,३९,६८,१४** | **४,५९,९८,४१** | **१००** |

## मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)
### आर्थिक वर्ष २०८२/८३

अनुसूची - ४
(रु.हजारमा)

| निकाय | | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ | प्रदेश व्यवस्थापिका | १४,४७,२० | १४,४७,२० | १४,४७,२० | ० | ० | ०.४४ |
| २१० | प्रदेश लोक सेवा आयोग | ८,९६,९४ | ८,९६,९४ | ८,९६,९४ | ० | ० | ०.२७ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १,७७,०० | १,७७,०० | १,७७,०० | ० | ० | ०.०५ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १,५२,९५,२१ | ३८,०५,२१ | ३८,०५,२१ | ० | १,१४,९०,०० | ४.६४ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १,२०,०९,४५ | २०,१३,४५ | २०,१३,४५ | ० | ९९,९६,०० | ३.६४ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २,४२,७९,९८ | २,४२,७९,९८ | २,४२,७९,९८ | ० | ० | ७.३६ |
| ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ४,०७,०३,५८ | ३,८३,०३,५८ | ३,८३,०३,५८ | ० | २४,००,०० | १२.३४ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २,५७,११,०० | २,५७,११,०० | २,५७,११,०० | ० | ० | ७.७९ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३०,००,०० | ३०,००,०० | ३०,००,०० | ० | ० | ०.९१ |
| ३३७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ११,०१,२१,०७ | ११,०१,२१,०७ | ११,०१,२१,०७ | ० | ० | ३३.३७ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ५,९०,४३,३० | ५,७७,५६,८९ | ५,७७,५६,८९ | ० | १२,८६,४१ | १७.८९ |
| ३९१ | कर्णाली प्रदेश योजना आयोग | ४,३७,८३ | ४,३७,८३ | ४,३७,८३ | ० | ० | ०.१३ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | ६१,५०,०० | ६१,५०,०० | ० | ६१,५०,०० | ० | १.८६ |
| ६०२ | अर्थ - विविध | ९८,६७,९९ | ९८,६७,९९ | ९८,६७,९९ | ० | ० | २.९९ |
| ८०१ | स्थानीय तह | २,०८,२६,०० | ० | ० | ० | २,०८,२६,०० | ६.३१ |
| | **कुल जम्मा** | **३२,९९,६६,५५** | **२८,३९,६८,१४** | **२७,७८,१८,१४** | **६१,५०,००** | **४,५९,९८,४१** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान

## आर्थिक वर्ष २०८२/८३

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| चालु | | **७,९३,११,७७** | **२,१०,९१,६५** | **१०,०४,०३,४२** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **२,१३,५४,७५** | **२५,३९,३१** | **२,३८,९४,०६** |
| २११११ | पारिश्रमिक कर्मचारी | १,५९,५५,७५ | १२,८६,८४ | १,७२,४२,५९ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ५,७१,१४ | ० | ५,७१,१४ |
| २११२१ | पोशाक | २,६२,०० | २२,४० | २,८४,४० |
| २११२२ | खाद्यान्न | १,००,२३ | ४,१६,९७ | ५,१७,२० |
| २११३१ | स्थानीय भत्ता | १०,२०,५३ | १,२५,५३ | ११,४६,०६ |
| २११३२ | महंगी भत्ता | १०,४८,९२ | २,६६,५२ | १३,१५,४४ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १,५९,४१ | ३३,८९ | १,९३,३० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १७,४९,२१ | ३,३८,६४ | २०,८७,८५ |
| २११३९ | अन्य भत्ता | १,५५,८३ | ४७,०२ | २,०२,८५ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ४२,६० | १,५० | ४४,१० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | २,७२,९३ | ० | २,७२,९३ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | १६,२० | ० | १६,२० |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **२,९३,१५** | **०** | **२,९३,१५** |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १,८२,१५ | ० | १,८२,१५ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १,११,०० | ० | १,११,०० |
| **२२१००** | **सेवा महसुल** | **८,४८,०७** | **७६,२३** | **९,२४,३०** |
| २२१११ | पानी तथा बिजुली | ५,४७,२६ | ४३,४९ | ५,९०,७५ |
| २२११२ | संचार महसुल | ३,००,८१ | ३२,७४ | ३,३३,५५ |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **२३,२६,३४** | **२,४१,९६** | **२५,६८,३०** |
| २२२११ | इन्धन (पदाधिकारी) | ८२,६१ | ६,५० | ८९,११ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ६,९९,५७ | १,०६,०९ | ८,०५,६६ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७,२४,२८ | ५९,०१ | ७,८३,२९ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | १,७९,४६ | १६,०१ | १,९५,४७ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,९६,०९ | २५,१६ | ३,२१,२५ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २,७३,७८ | १८,३१ | २,९२,०९ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ७०,५५ | १०,८८ | ८१,४३ |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **१४,६६,२०** | **२,३५,७४** | **१७,०१,९४** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७,६७,२८ | ९४,५४ | ८,६१,८२ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | २,०८ | ० | २,०८ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २५,८० | १४,९२ | ४०,७२ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,२९,८२ | ३,५६ | १,३३,३८ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४,४१,०९ | १,०६,०४ | ५,४७,१३ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,००,१३ | १६,६८ | १,१६,८१ |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **३७,३८,७५** | **२१,०६,२१** | **५८,४४,९६** |
| २२४११ | सेवा र परामर्श खर्च | ५,७७,९९ | ८,०९,४३ | १३,८७,४२ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ९०,६६ | १,८५ | ९२,५१ |
| २२४१३ | करार सेवा शुल्क | २६,३३,५२ | १०,३७,७७ | ३६,७१,२९ |
| २२४१९ | अन्य सेवा शुल्क | ४,३६,५८ | २,५७,१६ | ६,९३,७४ |

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघीय अनुदान | |
| **२२५००** | **कार्यक्रम सम्वन्धी खर्चहरू** | **१,६८,२३,३३** | **१,२३,४७,७८** | **२,९१,७१,११** |
| २२५११ | कर्मचारी तालिम खर्च | २,३७,६२ | ४,३९,७५ | ६,७७,३७ |
